# लेखापरीक्षण प्रतिवेदन

# इच्छाकामना गाउँपालिका, चितवन

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# इच्छाकामना गाउँपालिका, चितवन

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश**

**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-३०

च.न :APPROVED/FAR/2081-82/LOC/381

श्रीमान् अध्यक्षज्यू,
इच्छाकामना गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय, चितवन।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( घनश्याम काफ्ले )
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/381

श्रीमान् अध्यक्षज्यू,
इच्छाकामना गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, चितवन ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

**१. कैफियत सहितको रायः**

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथाटिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितकोप्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पालिकाबाट पेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

**२. कैफियत सहितको राय व्यक्त गर्ने आधारः**

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५(१) बमोजिम प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिम लेखा र वित्तीय विवरण तयार गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ। साथै, सोही ऐनको दफा ३६(१) बमोजिम कार्यालयको सरकारी नगदी, जिन्सी, आय-व्यय तथा कारोबारसम्बन्धी लेखा, स्रेस्ता र कागजात लेखापरीक्षणको सिलसिलामा माग भएमा तोकिएको अवधिभित्र पेस गर्नु सम्बन्धित पदाधिकारी वा जिम्मेवार व्यक्तिको कर्तव्य हुने व्यवस्था छ। यस कार्यालयको विनियोजनतर्फ रु. १६ करोड ५३ लाख र धरौटीतर्फ रु. ९९ लाख समेत रु. १७ करोड ५३ लाख बराबरको स्रेस्ता तथा सोसँग सम्बन्धित कागजात २०८२ भदौ २३ र २४ गते भएको आन्दोलन तथा घटनाका कारण लेखापरीक्षणका लागि पेस नभएकोले सोको लेखापरीक्षण गरिएको छैन ।

२.३. गाउँपालिकाको आय र व्यय तर्फ रु. १ अर्ब ६५ करोड ६० लाख ३२ हजारको लेखापरीक्षण गरिएको छ । गाउँपालिकाको लेखापरीक्षणबाट रु. १ करोड ८० लाख २६ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु. २१ लाख ३० हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु. १ करोड ३४ लाख ३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ लाख ६१ हजार र नियमित गर्नुपर्ने रु. २३ लाख ३२ हजार गरी जम्मा रु. १ करोड ५८ लाख ९६ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. १२ करोड ७ लाख ९४ हजार मध्ये रु. ३१ लाख १६ हजार सम्परीक्षण भई यस वर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रु. १३ करोड ३५ लाख ७४ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएकोछैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारीलेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्यप्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामीस्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेकाछौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्तगर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोराः**

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन रसोको कार्यान्वयन, अनुदान वितरण तथाअनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

**४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारीः**

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही रयथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रणप्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**५. वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारीः**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तताप्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्यहो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ।लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारीलेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्यप्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षणगरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्तालेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएकासबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीयविवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएकाजालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



( घनश्याम काफ्ले )
नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | | दफा संख्या | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेश्की |
| ५४ | ३८ | १,८०,२६,३९३ | ० | ३१ | २१,३०,२३१ | ० | ५४ | ७ | १,५८,९६,१६२ | १,३४,०३,८०८ | २३,३१,६३८ | १,६०,७१६ | ० | ० | २४,९२,३५४ | ० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| चितवन | १२,०७,९४,०७६ | ० | ३१,१६,६२३ | ११,७६,७७,४५३ | ० | १,५८,९६,१६२ | १३,३५,७३,६१५ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | ३८ | स्पेसिफिकेसनभन्दा बढी ट्याक कोटको प्रयोग (१०।२०८१।१०।११) | १,५९,६४० |
| २ | २०८१/८२ | ३६.९ | शिक्षातर्फ | ४,२२,७६२ |
| ३ | २०८१/८२ | २० | प्रमाण कागजात | १४,००,००० |
| ४ | २०८१/८२ | ३४ | गृहिणी महिला सशक्तिकरण कार्यक्रममागैरसरकारी संस्थाको बिल | १,०८,००० |
| ५ | २०८१/८२ | ३५ | अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम | ३९,८२९ |
| ६ | २०८०/८१ | ३५ | सामुदायिक सिकाई केन्द्र आया तलब | ३०,००० |
| ७ | २०८०/८१ | ४८ | विद्यालय सुपरिवेक्षण तथा अनुगमन | ७०,००० |
| ८ | २०८०/८१ | ५५ | योजना अनुगमन | १,९८,०५० |
| ९ | २०८०/८१ | ३३ | मुल्य अभिवृद्धि कर भुक्तानी | २५,३०९ |
| १० | २०८०/८१ | २३ | बिल भर्पाई | १,६०० |
| ११ | २०८०/८१ | ३६ | बढि ग्रेड भुक्तानी | २,५४८ |
| १२ | २०८०/८१ | २५ | गुरुङ्ग होमस्टे | ५,५७,३६५ |
| १३ | २०८०/८१ | ४० | कक्षा ८ परीक्षा संचालन | ५२,९५५ |

| | | | | |
|---|---|---|---|---|
| १४ | २०८०/८१ | २८ | उपभोक्तावाट खरिद | २,२२,३३४ |
| १५ | २०८०/८१ | ४४ | उद्यम विकास सहजकर्ता | ६,८७,२३५ |
| १६ | २०७९/८० | ४१ | शिर्षक फरक पारि खर्च | ४,८५,५७७ |
| १७ | २०७९/८० | ४० | विज्ञान प्रयोगशाला स्थापना | ६,५०,००० |
| १८ | २०७९/८० | ३४ | फरक औषधी खरिद | १,३३,६५० |
| जम्मा | | | | ५२,४६,८५४ |

# इच्छाकामना गाउँपालिका, चितवन

# ( ८०३३१५०१३०० )

# इच्छाकामना गाउँपालिका , चितवन

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय** - स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ७ वडा रहेको छ भने क्षेत्रफल १६६.७३ वर्ग किलोमिटर तथा २७,६४३ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।१२।०३ देखि २०८२।१२।०६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय र व्तययतर्फ रु. १ अर्व ६५ करोड ६० लाख ३२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

२.१ **एकीकृत वित्तीय विवरण :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ ।

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| **विवरण** | **रकम** | **रकम** | **विवरण** | **रकम** | **रकम** |
| **सुरु मौज्दात** | | ४२३७०३००.४४ | **चालु खर्च** | | ३७३५९३४००.०५ |
| १.संचित कोष | १५६५९२५३.३५ | | १. पालिका तर्फ | १३४३८०८६९.५९ | |
| २.धरौटी | १२८२६३६३.५० | | २. संघीय सशर्त | २२७६४६९१०.०० | |
| ३.कार्यसञ्चालन कोष | १३८८४६८३.५९ | | ३. संघीय विशेष | ०.०० | |
| ४. अन्य कोष | ०.०० | | ४. प्रदेश सशर्त | ११५६५६२०.४६ | |
| **यस वर्षको आय** | | | ५. प्रदेश विशेष | ०.०० | |
| **१.आन्तरिक आय** | | ४९१८०४२३.१३ | **पुँजीगत खर्च** | | २९३७३६८१०.०२ |
| क) आन्तरिक श्रोत | ४९१८०४२३.१३ | | १. पालिका तर्फ | ११०९०६६१६.८० | |
| ख) जिससबाट प्राप्त | | | २. संघीय सशर्त | ७२९४०५३७.१४ | |
| ग) सडक बोर्ड | | | ३. संघीय विशेष | ३१२३३६४७.७५ | |
| **२. वित्तीय हस्तान्तरण (संघ)** | | ५५२७०८९१८.५८ | ४. संघीय समपुरक | २२१०४९१४.९७ | |
| क) समानीकरण अनुदान | ९१४८४७२०.०० | | ५. प्रदेश सशर्त | १९१५४४३०.८० | |
| ख) राजस्व बाँडफाँट | ९१८७३३४०.५२ | | ६. प्रदेश विशेष | ५२७९५६६.५० | |
| ग) सशर्त अनुदान | ३२६८५५५५००.०६ | | ७. प्रदेश समपुरक | ३२११७०९६.०६ | |
| घ) समपुरक अनुदान | ११२१५७५०.०० | | **अन्तर सरकारी अख्तियारी (संघ)** | | |
| ङ) विशेष अनुदान | ३१२७९६०८.०० | | सामाजिक सुरक्षा | ९६३३२६८६.९३ | ९८२७१७४८.१७ |
| च) रोयल्टी | | | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ५०३०००.०० | |
| छ) अन्य | | | विद्यालय शिक्षा क्षेत्र योजना | | |
| **३. वित्तीय हस्तान्तरण (प्रदेश)** | | ८५२९९१२१.८५ | स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | | |
| क) समानीकरण अनुदान | ९५३४०००.०० | | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | १४३६०६१.२४ | |
| ख) राजस्व बाँडफाँट | २१६८६३७०.८५ | | **ऋणको ब्याज भुक्तानी** | | |
| ग) सशर्त अनुदान | ३४३००००००.०० | | **धरौटी फिर्ता तथा सदर स्याहा** | ९५४१२०.६० | ११६१८९६७.८६ |
| घ) समपुरक अनुदान | १४०२०२६१.०० | | **कार्यसञ्चालन कोषबाट भएको खर्च** | १०६६४८४७.२६ | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ङ) विशेष अनुदान | ५७५८४९०.०० | | **अन्य कोषबाट भएको खर्च** | ०.०० | |
| च) रोयल्टी | ०.०० | | **गैरसरकारी संस्थाबाट सञ्चालित योजना** | | |
| छ) अन्य | ०.०० | | **अन्य सहयोगमा सञ्चालित योजना** | | |
| **४. अन्तर सरकारी अख्तियारी (संघ)** | | ९८२७१७४८.१७ | **अन्य खर्च भएमा** | | |
| सामाजिक सुरक्षा | ९६३३२६८६.९३ | | **अनुदान फिर्ता** | | ३०३७२८८५.४१ |
| स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ५०३०००.०० | | १. संघ तर्फ | | |
| विद्यालय शिक्षा क्षेत्र योजना | | | क) सशर्त अनुदान | २६२६८०५२.९२ | |
| स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | | | ख) विशेष अनुदान | ४५९६०.२५ | |
| स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | १४३६०६१.२४ | | ग) समपुरक अनुदान | ०.०० | |
| **५. अन्तर सरकारी अख्तियारी (प्रदेश)** | ०.०० | | २. प्रदेश तर्फ | | |
| **६. ऋण/ वित्तीय व्यवस्था** | ०.०० | | क) सशर्त अनुदान | ३५७९९४८.७४ | |
| **७. धरौटी आय** | ९०४२०९८.८५ | २४३५५५५८.०७ | ख) विशेष अनुदान | ४७८९२३.५० | |
| **८. कार्यसञ्चालन कोष आय** | १५३१३४५९.२२ | | ग) समपुरक अनुदान | ०.०० | |
| **९. अन्य कोषको आय** | ०.०० | | विभाज्य फिर्ता सङ्घ | १९३२२००.३३ | ७९४७२८७.२७ |
| **१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना** | | | विभाज्य फिर्ता प्रदेश | ६०१५०८६.९४ | |
| **११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना** | | ०.०० | **अन्तिम मौज्दात** | | ६७३२०३८५.१६ |
| | | | १. संचित कोषको मौज्दात | २७८७२७४७.८६ | |
| | | | २. धरौटी | २०९१४३४१.७५ | |
| **१२. अन्य आय भएमा** | | | ३. कार्यसञ्चालनकोष | १८५३३२९५.५५ | |
| CGAS तर्फको धरौटी आय | | | ४. अन्यकोष | | |
| **१३. स्थानीय राजस्व बाँडफाँड** | | ३०६७५४१३.७० | जम्मा | | |
| जम्मा | | ८८२८६१४८३.९४ | | | ८८२८६१४८३.९४ |

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ अन्तर सरकारी अख्तियारी – पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-१) तयार गर्नुपर्छ । नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसारको वित्तीय विवरण तयार गर्नको लागि पालिकाले अन्तरसरकारी अख्तियारीको कारोवार सुत्रको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-१) सम्बन्धित अनुसूचीमा १४ मा प्रविष्ट गर्नुपर्नेमा सो गरेको पाइएन । सुत्रबाट तयार भएको वित्तीय प्रतिवेदनमा अन्तर सरकारी अख्तियारीबाट प्राप्त सामाजिक सुरक्षाको रु. ९,६३,३२,६८६.९३, स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यालयको रु. १४,३६,०६१.२४ र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ५,०३,००० समेत जम्मा रु. ९,८२,७१,७४८.१७ समावेश नभएकोले पालिकाको वित्तीय विवरणले पालिकाको यथार्थ वित्तीय अवस्था चित्रण गरेको छैन ।

२.३ वित्तीय प्रगति विवरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा पालिकाले स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी सङ्घीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले यो वर्ष सञ्चित कोषको चौमासिक/त्रैमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन । अनुगमन व्यवस्थालाई प्रभावकारी बनाउन तथा वित्तीय प्रतिवेदनलाई पारदर्शी बनाउन कानुन बमोजिमका विवरणहरू तालुक निकायमा पठाउनु पर्दछ ।

२.४ बजेट तुलना विवरण - स्थानीय तहको सञ्चित कोषको एकीकृत वित्तीय विवरणको लागि म.ले.प.फा.नं. २७०-१ देखि २७०-७ रहेको छ र सोको प्रस्टीकरणको लागि लेखानीति तथा टिप्पणीहरु एवम् अनुसूचीहरु तयार गरी प्रतिवेदन गर्नुपर्दछ । पालिकाले सुरु तथा अन्तिम बजेटबीचको परिवर्तन तथा बजेट भित्रकै पुन:बाँडफाँड (Reallocation) को कारण खुलाई सारभूत फरकको व्याख्या परस्पर सन्दर्भ (Cross reference) को रुपमा टिप्पणीमा खुलासा गरेको पाइएन । पालिकाको बजेट तुलनात्मक विवरण (म.ले.प.फा.नं. २७०-०४) देहायबमोजिम रहेको देखिन्छ । (रकम रु. हजारमा)

| विवरण | चालु आ.व. | | | गत आ.व. | | |
|---|---|---|---|---|---|---|
| | सुरु बजेट/ अनुमान | अन्तिम कायम बजेट/ अनुमान | यथार्थ प्राप्ति / भुक्तानी | सुरु बजेट/ अनुमान | अन्तिम कायम बजेट/ अनुमान | यथार्थ प्राप्ति / भुक्तानी |
| क. आयतर्फ | | | | | | |
| ११००० कर | १३८९६५ | १३८९६५ | १२०९८९ | १२७५२४ | १२७५२४ | ११३५३४ |
| १३००० अनुदान | | | | | | |
| संघीय सरकार | ४७५११७ | ४७६२३७ | ४३४५२२ | ३९०९०० | ३९०९०० | ३५७५३० |
| प्रदेश सरकार | ७०८३४ | ७०८३४ | ५९५५४ | ५६५४९ | ५६५४९ | ४६९०४ |
| १४००० अन्य राजस्व | ४३३९३ | ४३३९३ | ५७४०१ | २७६३८ | २७६३८ | ३३६९३ |
| १५००० विविध प्राप्ति | ५०० | ५०० | ७०७८ | १०० | १०० | ३८३ |
| जम्मा | ७२८८०९ | ७२९९२९ | ६७९५४४ | ६०२७११ | ६०२७११ | ५५२०४४ |
| ख. व्ययतर्फ | | | | | | |
| ३ चालु | ४४९६०९ | ४४४४२९ | ३७३५९३ | ४४७३८३ | ४३७६८२ | ३८९३७८ |
| २१००० पारिश्रमिक / सुविधा | २११२९० | २११५९० | २०३४९५ | २११४६० | २११४६० | १९६९१८ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १६०३१० | १५८८३० | १३२०२७ | १६१५५३ | १५२२५३ | १२७८८७ |
| २५००० सहायता (Subsidy) | ३७५८९ | ३७०८९ | ३१८२१ | ३६७१६ | ३६९६६ | ३३३४८ |
| २७००० सामाजिक सुरक्षा | ५४८८ | ४९८८ | ३६४६ | ४३९६ | ४२४५ | ३७१८ |
| २८००० अन्य खर्च | ३४९३२ | ३१९३२ | २६०५ | ३३२५८ | ३२७५८ | २७५०७ |
| ४ पूंजीगत | ३१०१०० | ३३६५०० | २९३७३७ | २२२६८७ | २३२७३७ | १९३५६६ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | ३१०१०० | ३३६५०० | २९३७३७ | २२२६८७ | २३२७३७ | १९३५६६ |
| ५ वित्तीय | २०१०० | ० | ० | ० | ० | ० |
| ३३००० दायित्व | २०१०० | ० | ० | ० | ० | ० |
| जम्मा | ७७९८०९ | ७८०९२९ | ६६७३३० | ६७००७१ | ६७०४२० | ५८२९४४ |
| बचत (न्युन) रकम (क - ख) | -५१००० | -५१००० | १२२१४ | -६७३६० | -६७७०९ | -३०९०० |

२.५ अन्तिम मौज्दात - पालिकाको आर्थिक विवरणअनुसार वर्षको अन्तमा सञ्चित कोषमा रु. २,७८,७२,७४७.८६ देखिन्छ भने बैंक मौजदात रु. २,७७,१२,०३१.६५ मात्र देखिन्छ । स्रेस्ताभन्दा बैंकमा रु. १,६०,७१६.२१ घटी मौज्दात देखिएको सम्बन्धमा हिसाब यकिन गरी प्रमाण पेस गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६०,७१६ |

२.६

विभाज्य कोष - गाउँपालिकाको विभाज्य कोषमा रु. २,५९,६९,९१७.७० आम्दानी प्राप्त भएकोमा बाँडफाँट गरी सङ्घीय सञ्चित कोषमा रु. १९,३२,२००.३३ प्रदेश सञ्चित कोषमा रु. ६०,१५,०८६.९४ र स्थानीय तहको सञ्चित कोषमा रु. १,८०,२२,६३०.४३ दाखिला गरेको विवरण पेस भएको छ ।

२.७ अनुदान फिर्ता - विनियोजन ऐन, २०८१ को दफा ६ (१०) मा सङ्घीय सरकारबाट हस्तान्तरित सशर्त, समपूरक र विशेष अनुदानको रकम खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सोही आर्थिक वर्षको असार मसान्तभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत सङ्घीय सञ्चित कोषमा र बागमती प्रदेशको प्रदेश विनियोजन ऐन, २०८१ को दफा ६ (१०) मा प्रदेश सरकारबाट हस्तान्तरि सशर्त, समपूरक र विशेष अनुदानको रकम खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सोही आर्थिक वर्षको असार मसान्तभित्र सम्बन्धित स्थानीय तहले प्रदेश लेखा एकाइ कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले निम्नानुसारको अनुदान फिर्ता गरेको देखिन्छ ।

| **अनुदान प्रदान गर्ने निकाय** | **अनुदानको प्रकार** | **प्राप्त रकम** | **खर्च रकम** | **फिर्ता रकम** | **बाँकी रकम** |
|---|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | ३२६८५५५०० | ३००५८७४४७ | २६२६८०५३ | |
| | विषेश | ३१२७९६०८ | ३१२३३६४८ | ४५९६० | |
| | समपुरक | ११२१५७५० | ११२१५७५० | ० | |
| | अन्य | ० | ० | ० | |
| **प्रदेश सरकार** | शसर्त | ३४३०००००० | ३०७२००५१ | ३५७९९४९ | |
| | विषेश | ५७५८४९० | ५२७९५६६ | ४७८९२३ | |
| | समपुरक | १४०२०२६१ | १४०२०२६१ | ० | |
| | अन्य | ० | ० | ० | |
| | **जम्मा** | | | ३०३७२८८५ | |

२.८ नष्ट भएका स्रेस्ताको विवरण - यस पालिकामा मिति २०८२।०५।२३ र २४ गते भएको आगलागीका कारण देहाय बमोजिमका गोश्वारा भौचर तथा सोसँग सम्बन्धित प्रमाण कागजातहरू नष्ट भएको भनी विवरण पेश हुन आएको छ । उक्त आगलागीबाट स्रेस्ता एवं प्रमाण नष्ट भएका कारण ११ वटा बजेट शिर्षकबाट ७४७ वटा गोश्वारा भौचरको रू. १७,५३,९५,०९४.२ बराबरको कारोबारको लेखापरीक्षण कार्य सम्पन्न हुन सकेको छैन ।

| बजेट उपशीर्षक | गोश्वारा भौचर सङ्ख्या | भौचर रकम |
|---|---|---|
| स्थानीय चालु विविध | ५ | २१८०३२८.५ |
| संघीय पुँजीगत | ११ | ११७०२०९७.२७ |
| संघीय चालु | २ | १७६९६० |
| स्थानीय पुँजिगत | ३४३ | १०६३०३३७५.८ |
| स्थानीय चालु | ३५४ | ३१३३१९०२.२३ |
| प्रकोप व्यवस्थापन पुँजीगत | ५ | २६०२१५०.९४ |
| प्रदेश पुँजीगत | ४ | ७८८५६६३ |
| प्रदेश चालु | ३ | ८२६८६३ |
| स्थानीय पुँजीगत विविध | ३ | ७७९४३० |
| प्रदेश पुँजीगत विविध | १६ | १६१०१०४ |
| धरौटी | १ | ९९९६२१९.४५ |
| **जम्मा** | ७४७ | १७५३९५०९४.२ |

३ **इच्क्षाकामना आधारभूत अस्पताल तर्फ**

यस पालिकामा एक आधारभूत अस्पताल सञ्चालनमा रहेको छ । आर्थिक विवरण र देखिएका बहोरा निम्नानुसार रहेका छन्

| आय तर्फ | रकम रु | व्यय तर्फ | रकम रु |
|---|---|---|---|
| गत वर्षको अ ल्या | १७१६८०६ | अस्पतालको खर्च | २८९४४५२ |
| अस्पतालको टिकट विक्रिको आम्दानी | २९१८००९ | बैक मौज्दात | २१०५३०९ |
| इच्छाकामना गाउँपालिकाबाट प्राप्त रकम | ३४७९४६ | | |
| स्वास्थ्य कार्यालय चितवनबाट प्राप्त रकम | १७००० | | |
| जम्मा | ४९९९७६१ | जम्मा | ४९९९७६१ |

अस्पतालले कुनै लेखाप्रणालीको प्रयोग नगरी म्यानुअल रुपमा गोश्वारा भौचर उठाएर खर्च लेखेको छ भने म ले प फा हरुको जस्तै बैक नगदी किताब,खर्चको फाँटवारी,वजेट हिसाब किताव तयार गरेको नदेखिएकोले यस सम्वन्धमा अस्पतालले स्विकृत म ले प फा तथा अन्य विवरणहरु तयार गर्नुपर्छ ।

४ **बजेट, नीति तथा कार्यक्रम**

४.१ बजेट सीमा निर्धारण समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम पालिकामा आयको प्रक्षेपण र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गरी फाल्गुन महिनाभित्र आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत बजेट प्रक्षेपण गर्नुपर्ने, प्रमुख प्रशासकीय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई बजेट सीमा उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले सो समयमा विषयगत शाखा तथा वडा समितिलाई बजेटको सीमा उपलब्ध गराएको छ । बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण गर्दा पालिकाले थप दुई वर्षको बजेट प्रक्षेपण गरेको पाइएन । ऐनमा व्यवस्था भएअनुसार आय तथा बजेट प्रक्षेपण गरी स्थानीय तहको बजेट चक्रलाई प्रभावकारी बनाउनुपर्दछ ।

४.२ बजेट तथा कार्यक्रम तर्जुमा समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ मा पालिकामा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्नुपर्ने, बजेट सीमा निर्धारण समितिले दिएको बजेट सीमाभित्र रही बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्नुपर्ने र योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिने व्यवस्था मिलाउने तथा योजना कार्यक्रमबीच आपसी तादम्यता तथा परिपूरकता कायम गर्नुपर्ने उल्लेख छ । ऐनमा व्यवस्था भएअनुसार समितिले स्थानीय तहको आवश्यकताअनुरूप कार्यक्रमको प्राथमिकीकरण गरेको पाइएन । बजेटको सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

४.३ बजेट पेश, पारित र अख्तियारी - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । साथै दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकामा उपाध्यक्षबाट मिति २०८१।०३।१० मा रु. ७७ करोड ८८ लाख ९२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सोही दिन सभाबाट पारित भएको पाइयो । यसैगरी गाउँपालिका अध्यक्षबाट मिति २०८१।०३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । बजेट पेस, पारित तथा अख्तियारी दिने कार्य कानुनले तोकेको समयसीमाभित्र सम्पन्न भएको देखिन्छ भने आगामी आर्थिक वर्षमा पनि यस प्रक्रियालाई निरन्तर कायम राख्नुपर्दछ ।

## ५ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली लागू गरेको नपाइएकोले आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ रूपमा कार्यान्वयन भएको पाइएन । यस सम्बन्धमा देखिएका केही बेहोरा देहायबमोजिम रहेका छन् ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार पालिकाले एक आर्थिक वर्ष भित्र भएको बजेट तथा शीर्षकको अनुगमन तथा मूल्याङ्कन गरी भौतिक तथा वित्तीय नतिजाको प्रतिवेदन तयार नगरेको,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता नराखेको साथै पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा नगरको,

• पालिकाले यसबर्ष विभिन्न उपभोक्ता समिति मार्फत विभिन्न योजनाहरु सञ्चालन गरी खर्च लेखेकोमा मान्यता प्राप्त हुने गरी ती समितिहरुको दर्ता नगरेको,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा २८ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको,

• निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरूको कार्य विवरण वनाई लागू नगरेको ।

पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई प्रचलिन नियमानुसार प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ६ त्रैमासिक तथा क्षेत्रगत बजेट तथा खर्च

६.१ त्रैमासिक खर्च - सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउनेसम्बन्धी मापदण्ड, २०८१ को दफा ४ मा आयोजना कार्यान्वयन गर्दा वार्षिक कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने र त्रैमासिक अवधिभित्र न्यूनतम दश प्रतिशत र त्यसपछि विनियोजनभन्दा कम नहुने गरी प्रत्येक महिना न्यूनतम दश प्रतिशतका दरले असार मसान्तभित्र शतप्रतिशत नतिजा हासिल हुने गरी कार्ययोजना बनाउनुपर्ने उल्लेख छ । आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति निम्नबमोजिम छ ।

| त्रैमासिक/खर्च | चालु | पुँजीगत | जम्मा | खर्च प्रतिशत |
|---|---|---|---|---|
| प्रथम त्रैमासिक | ८७३५२२५९ | २७८४४१२० | ११५११९६३७९ | १७.२६ |
| दोस्रो त्रैमासिक | ५४५११५५९२ | २३९९३८६७ | ७८५०९४५८ | ११.७६ |
| तेस्रो त्रैमासिक | ११०७९८४८४ | ७८९९०१०३ | १८९७८८५८७ | २८.४४ |
| चौथो त्रैमासिक | १२०९२७०६५ | १६२९०८७२१ | २८३८३५७८६ | ४२.५३ |
| आषाढ महिनाको | ८२०७२२४४ | ८२००४८७६ | १६४०७७१२० | २४.५९ |
| जम्मा खर्च | ३७३५९३४०० | २९३७३६८१० | ६६७३३०२१० | १००.०० |

उपर्युक्त विवरणअनुसार चालु र पुँजीगत शीर्षकमा बार्षिक खर्च रु. ६६,७३,३०,२१० रहेकोमा त्रैमासिक रूपमा खर्चको प्रतिशत क्रमश: १७.२६, ११.७६, २८.४४ र ४२.५३ रहेको देखिन्छ भने आषाढ महिनाको मात्र खर्च कुल खर्चको तुलनामा २४.५९ प्रतिशत रहेको छ । खर्चको प्रवृत्ति हेर्दा अन्तिम त्रैमासिक र आषाढ महिनामा बढेको देखिन्छ । सन्तुलित खर्च व्यवस्थापन नहुँदा वर्षको अन्तमा योजना कार्यान्वयनको चाप बढी भई प्रभावकारी अनुगमन तथा मूल्याङ्कन हुँदैन जसले गर्दा कार्यको गुणस्तरमा असर पार्दछ । आर्थिक वर्षको सुरुदेखिनै योजना बनाई प्रभाकारी कार्यान्वयनमार्फत सन्तुलित खर्च व्यवस्थापनमा जोड दिनुपर्दछ ।

६.२ क्षेत्रगत बजेट र खर्चको स्थिति - स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं. | विवरण | बजेट | खर्च | बजेट । खर्च प्रतिशतमा | बजेट । श्रोत प्रतिशतमा |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | २,४६,९३,००० | १,९५,२७,४९१ | ७९.०८ | ३.१६ |
| २ | सामाजिक विकास | ४१,७४,२९,५०० | ३८,२७,२२,०४२ | ९१.६८ | ५३.४५ |
| ३ | पूर्वाधार विकास | १७,७१,५०,००० | १४,९५,३०,१३२ | ८४.४ | २२.६८ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ५,००,००० | २,१७,३७३ | ४३.४७ | ०.०६ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १६,११,५६,००० | ११,५३,३३,१७२ | ७१.५६ | २०.६३ |
| | जम्मा | ७८,०९,२८,५०० | ६६,७३,३०,२१० | ८५.४५ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको क्षेत्रगत रूपमा बजेट रु. ७८,०९,२८,५०० र खर्च रु. ६६,७३,३०,२१० देखिन्छ । क्षेत्रगत रूपमा समग्र खर्चको तुलनामा सामाजिक विकासमा सबैभन्दा बढी ५३.४५ प्रतिशत र आर्थिक विकास क्षेत्रमा सबै भन्दा घटी

०.०६ प्रतिशत खर्च रहेको छ । स्थानीय तहको एकीकृत, समानुपातिक र दीगो विकासको लागि क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी सन्तुलित रूपमा बजेट खर्च गर्नुपर्दछ । पालिकाले वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा बजेट विनियोजन गरेको देखिएन । क्षेत्रगत रूपमा सन्तुलित बजेट विनियोजन गरी कार्यान्वयन गर्नुपर्दछ ।

७ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। त्यस्तै दफा ३ मा उपदफा २ बमोजिम आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनु पर्ने उल्लेख गरेको छ। पालिकाको यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण अन्तरसरकारी अख्तियारीको कोष तथा लेखा नियन्त्रक कार्यालय, चितवनबाट गराएको छ भने पालिका तर्फको आन्तरिक लेखापरीक्षण पालिकाको आन्तरिक लेखापरीक्षण शाखाबाट गराएकोमा जलेर नष्ट भएको कारण आन्तरिक लेखापरीक्षण प्रतिवेदन प्राप्त हुन सकेन ।

८ **दरबन्दी र पदपूर्ति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । साथै बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ५ र दफा ७ मा पालिकाले आवश्यक प्रक्रिया पुरा गरी Organization and Management Survey बाट स्वीकृत दरबन्दीलाई प्रदेश किताबखानामा पददर्ता गर्नुपर्ने उल्लेख छ । पालिकाले इन्सेन्टिभ स्टडी एण्ड रिसर्च प्रा.ली बाट इच्छाकामना गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०७९ बनाई प्रदेश किताबखानामा पददर्ताका लागि पठाएपनि हालसम्म पनि पददर्ताको पत्र पालिकामा आएको छैन । पददर्ता नभएका कारण पालिका, वडा कार्यालय, आधारभूत अस्पताल, स्वास्थ्य चौकी लगायतमा प्रमुख प्रशासकीय अधिकृत, प्रशासन अधिकृत, इन्जिनियर सहित १८१ जनाको दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत, प्रशासन अधिकृत, इन्जिनियर, लेखा अधिकृत, पशु चिकित्सक, कृषि अधिकृत, जनस्वास्थ्य निरिक्षक, हेल्थ असिस्टेन्ट, अ.न.मी, अ.हे.ब सहित ५८ जना स्थायी कर्मचारीको मात्र पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका वरिष्ठ सहायक, सब ईन्जिनियर, असिस्टेन्ट सब ईन्जिनियर, प्रशासन सहायक, पशु स्वास्थ्य प्राविधिक, ना.प.से.प्रा., हेल्थ असिस्टेन्ट, अ.हे.ब. सहित १८ स्थायी पदहरु रिक्त रहेका छन् ।

९ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ५ मा स्थानीय तहमा स्थानीय सेवा संगठन संरचना वा दरबन्दी सिर्जना गर्न तथा त्यस्तो संगठन वा दरबन्दी पुनरावलोकन वा हेरफेर गर्न सम्बन्धीत स्थानीय तहको प्रमुख प्रशासकिय अधिकृतको संयोजकत्वमा समिति गठन गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने, सर्वेक्षण गर्दा दरबन्दी सिर्जना वा पुनरावलोकन वा हेरफेर गर्नुपर्ने देखिए सोको कारण र औचित्य खुलाई स्वीकृतिका लागि गाउँ कार्यपालिकामा प्रतिवेदन पेस गर्नुपर्ने, पेस गरिएको दरबन्दी आवश्यकता र औचित्य समेतको आधारमा गाउँसभाले प्रस्ताव स्वीकृत गर्न सक्ने व्यवस्था छ। त्यस्तै दफा ७ मा माथि उल्लिखित प्रकृया बमोजिम दरबन्दी स्वीकृत भएपछि स्थानीय सेवाको पदहरूको सेवा, समूह, उपसमूह तथा तहसमेत खुल्ने गरी संगठन संरचना स्वीकृत गर्ने वा पद सिर्जना गर्ने निर्णय भएको मितिले १ महिनाभित्र प्रदेश किताबखानामा पददर्ता गराउनुपर्ने र प्रदेश किताबखानाबाट पददर्ताको जानकारी प्राप्त भएपछि मात्र त्यस्तो पदमा पदपूर्ति गर्न सकिने व्यवस्था छ। पालिकाले इन्सेन्टिभ स्टडी एण्ड रिसर्च प्रा.ली बाट इच्छाकामना गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०७९ बनाई गाउँपालिका तर्फ ३७ जना, ७ वटा वडा कार्यालय तर्फ २८ जना, इच्छाकामना आधारभूत अस्पताल तर्फ २० जना, ४ वटा स्वास्थ्य चौकी तर्फ २८ जना, ४ वटा आधारभूत स्वास्थ्य केन्द्र तर्फ १६ जना, २ वटा सामुदायिक स्वास्थ्य एकाई तर्फ ४ जना, इच्छाकामना आयुर्वेद औषधालय तर्फ २ जना र सेवा करार तर्फ ४६ जना गरी जम्मा १८१ जनाको दरबन्दी राखी प्रतिवेदन निर्माण गरेको छ । पालिकाले निर्माण गरिएको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनलाई ऐनमा भएको व्यवस्था बमोजिम मिति २०८०/०३/१८ गतेको १३ औँ गाउँसभाको निर्णय नं ४ बाट

पारित गराएको छ । साथै पालिकाले चलानी नं ९६४ मिति २०८०/०९/१७ मा बागमती प्रदेशको प्रदेश किताबखानामा पददर्ताका लागि पत्र पठाएकोमा हाल सम्म पनि स्वीकृत भएका १८१ वटा पद प्रदेश किताबखानामा दर्ता भएको छैन ।

१० **तलबी प्रतिवेदन**

निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ र बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९ को उपदफा ५ मा प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाको आर्थिक वर्ष २०८१/८२ मा १ जना संघीय कर्मचारीको कोष तथा लेखा नियन्त्रक कार्यालय, चितवनबाट, स्थानीय सेवाका कर्मचारी संकेत नम्बर भएका १२ जना कर्मचारी र स्थानीय सेवाका स्वास्थ्य तर्फका कर्मचारी संकेत नम्बर भएका २५ जना को प्रदेश लेखा इकाई कार्यालय, भरतपुर, चितवनबाट तलबी प्रतिवेदन पारित भएको छ । कर्मचारी संकेत नम्बर नभएका स्थानीय सेवा तर्फका १५ जना कर्मचारी र स्थानीय सेवाका स्वास्थ्य सेवा तर्फका ५ जना कर्मचारी गरी जम्मा २० जना कर्मचारीको भने तलबी प्रतिवेदन पारित गरिएको छैन । तलबी प्रतिवेदन पारित नगरी खर्च लेखिएमा, पाउने भन्दा बढी तलब भत्ता र ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

११ **कानुन निर्माण र न्यायिक समिति**

कानून निर्माणको अवस्था - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा पालिकालाई आफ्नो एकल अधिकार अन्तर्गत आवश्यक कानुन तर्जुमा गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा ऐन ३ र कार्यविधि ८ तर्जुमा गरेको विवरण पेश गरेको छ । ऐनबाट प्रदत्त अधिकार प्रयोग गरी नियमावली तर्जुमा गर्ने तथा नियमावलीको अधीनमा रही निर्देशिका, मापदण्ड, कार्यविधि आदिको तर्जुमा गर्नुपर्दछ ।

न्यायिक समितिको कार्य सम्पादन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरिको छ । सो व्यवस्थाअनुसार न्यायिक समितिले आफू समक्ष पेस भएको विवादहरू मेलमिलापबाट वा कानूनी प्रक्रियामार्फत कारबाही गर्नुपर्दछ । मेलमिलाप प्रकृतिका विवाद दर्ता भएको मितिले ३ महिनाभित्र टुङ्गो लगाउनुपर्ने कानूनी व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार चालु वर्षमा दर्ता भएको ३ नयाँ मुद्दा सहित ४ मुद्दामध्ये यस वर्ष सबै फर्स्योट भई मुद्दा बाँकी रहेको देखिएन । आगामी दिनमा पनि न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको समयसीमाभित्रै फर्स्योट वा आवश्यक कानूनी कारबाही गरी टुङ्गो लगाउनुपर्दछ ।

१२ **करार कर्मचारी**

बागमती प्रदेशकोस्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ९ को उपदफा १३ र १४ मा कार्यालयले स्वीकृत दरबन्दी भित्र परेका पदहरु कम्प्युटर अपरेटर, सहायक कम्प्युटर अपरेटर, सवारी चालक, इलेक्ट्रिसियन, कार्यालय सहयोगी, चौकीदार, स्वीपर, पलम्बर, माली, सरसफाई कर्मचारी लगायतमा सम्झौता गरी करारमा राखी सेवा लिन पाउने व्यवस्था गरेको छ। कार्यालयले यस वर्ष करार सेवा शुल्क शिर्षकमा रु. २,५०,००,०००/- बजेट विनियोजन गरी खर्च गरेको छ। यसरी ऐनमा तोकिएका बाहेकका स्थायी मार्फत पदपूर्ती गर्नुपर्ने सव इन्जिनियर, ना.प.स्वा.प्रा., हेल्थ असिस्टेन्ट, अनमी, सहायक पाचौँ, अहेब लगायतका १६ पदमा करार सेवा मार्फत पदपूर्ति गरी रु. ६१,७१,०२२/- खर्च गरेको देखियो।

१३ **अतिथि सत्कार, विविध तथा सभा सञ्चालन खर्च**

पालिकाले इच्छाकामना गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७७ को दफा ६ मा चियापान र अतिथि सत्कार खर्च सम्बन्धी व्यवस्था गरेको छ । जसमा गाउँपालिका अध्यक्ष, गाउँपालिका उपाध्यक्ष, गाउँपालिका कार्यालय र वडा अध्यक्ष / वडा कार्यालयले मासिक क्रमशः रु.पन्ध्र हजार, दश हजार, दश हजार र पाँच हजार खर्च गर्न पाउने उल्लेख छ । उक्त दफाको उपदफा ३ मा उल्लिखित सीमा भन्दा बढीको खर्चको आदेश भएको अवस्थामा आधार र औचित्य सहित कार्यपालिका बैठकमा पेश गर्नुपर्ने र कार्यपालिकाको स्वीकृति नभई त्यस्तो रकम भुक्तानी नहुने उल्लेख छ । पालिकाले कार्यविधिमा उल्लेख भएको भन्दा बढी रकम अतिथि सत्कार र विविधमा खर्च गरेको छ । कार्यविधिमा तोकिए अनुसार बढी खर्च रकमको लागि कार्यपालिका बैठकमा पेश गरेको समेत देखिएन ।

कार्यालयले यस वर्ष विविध खर्च शिर्षकमा रु. २० लाख र सभा संचालन खर्च शिर्षकमा रु. ८ लाख गरी जम्मा रु. २८,००,०००/- बजेट विनियोजन गरी रु. २७,९६,०४१/- खर्च गरेको छ । यसै गरी वडा तर्फ ७ वटा वडामा विविध खर्चमा रु.१०,८५,०००/- बजेट विनियोजन गरी खर्च गरेको छ । पालिकाको आन्तरिक आय रू. ७,१५,१०,८१४/- को तुलनामा उक्त खर्चमा ५.४२ प्रतिशत खर्च भएको देखिन्छ। चालु प्रकृतिका खर्चमा नियन्त्रण गरी उत्पादनमूलक क्षेत्रमा बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ।

१४ **स्थानीय मेला, पर्व र जात्रा वापतको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (फ) मा परम्परागत जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन गर्नु स्थानीय तहको अधिकार हुने उल्लेख छ । पालिकाले आफ्नो क्षेत्रमा मनाइने जात्रा पर्व तथा धार्मिक क्रियाकलापको अभिलेख राखेको देखिएन । विभिन्न जात्रा पर्व सञ्चालन, धर्म संस्कृतिको संरक्षण तथा मन्दिर सञ्चालन व्यवस्थापन जस्ता धार्मिक क्रियाकलापमा भएको खर्चको पारदर्शिता कायम गर्न विभिन्न धार्मिक संस्था, गुठी तथा समितिलाई अनुदान दिएकोमा ती संस्थाको लेखापरीक्षण तथा सामाजिक परीक्षण प्रतिवेदन पेस गर्न लगाई अभिलेखको रूपमा राख्नुपर्दछ ।

| गो. भौ . नं र मिति | मेला, पर्व र जात्राको विवरण | रकम |
|---|---|---|
| ७६-०८१/०६/०७ | तिजगित प्रतियोगिता | २४८८३८ |
| ४६६-०८१/१०/१३ | पञ्चमी मेलामा भएको खर्च | २२६९७५ |
| ६३४-०८१/११/२८ | वडा नं २ चोनाम तथा ल्होसार पर्व सांस्कृतिक कार्यक्रम | ८७६०० |
| १२७९-०८२/०३/२४ | जय बालगौरी पाथीभरा सिंह देवी माई मन्दिर समिति | ५०००० |
| विभिन्न | भाषा कला संस्कृति संरक्षण | १७३६०० |
| विभिन्न | धार्मिक तथा सांस्कृतिक संस्था सहायता | २४०००० |

१५ **आर्थिक सहायता**

सरकारको वार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधि उपचार खर्च वापत आर्थिक सहायता प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ। साथै उक्त मार्गदर्शनमा उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उल्लेख छ। पालिकाले इच्छाकामना गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७५ बनाई दिर्घ रोगी तथा क्यान्सर पीडित, आर्थिक रुपले विपन्न र पीडित बालबालिका, आर्थिक रुपले विपन्न गर्भवती महिला तथा सुत्केरी आमा, बेवास्तामा परेका ज्येष्ठ नागरिक, अति अशक्त अपाङ्ग र पूर्ण अशक्त अपाङ्ग र अन्य आर्थिक लगायतमा पालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको तोकादेशमा रु.१५,०००/- सम्म र सो भन्दा बढीको सहायताका लागि कार्यपालिका बैठकको निर्णयका आधारमा दिने व्यवस्था गरेको छ । आर्थिक सहायता रकमलाई सम्बन्धित व्यक्तिको खातामा भुक्तानी गर्नुपर्नेमा स्वास्थ्य शाखामा कार्यरत कर्मचारीले पेश्की लिई भुक्तानी गरेको पाइयो । पालिकाले यस वर्ष विभिन्न बजेट शिर्षकमा रु.२२,००,०००/- बजेट विनियोजन गरी रु.१४,५७,२९१/- खर्च गरेको छ । तर पालिकाले पालिकाबाट कुन कुन व्यक्ति र संस्थालाई यस वर्षमा र गत विगत वर्षमा सहायता प्रदान गरियो भनी आर्थिक सहायताको अभिलेख भने राखेको छैन । पालिकाको आन्तरिक आम्दानी रू. ७,१५,१०,८१४/- रहेकोमा आन्तरिक आम्दानीको २.०३ प्रतिशत रकम व्यक्तिगत र संस्थागत आर्थिक सहायतामा वितरण गरेको छ।

| क्र. सं | बजेट शिर्षक | विनियोजित बजेट | खर्च रकम |
|---|---|---|---|
| १. | धार्मिक तथा सांस्कृतिक संस्था सहायता | ६, ०० , ००० /- | ३, ४० , ००० /- |
| २. | अन्य संस्था सहायता | ४, ०० , ००० /- | ३, ९६ , ९७६ /- |
| ३. | उद्धार, राहत तथा पुनर्स्थापना खर्च | १२, ०० , ००० /- | ७, २० , ३१५ /- |
| | **जम्मा** | **२२**, ०० , ००० /- | **१४**, ५७ , २९१ /- |

## १६ जिन्सी व्यवस्थापनमा देखिएका बेहोरा

१६.१ **जिन्सी मालसामानको व्यवस्थापन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लिखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र नियम १०६(१) मा लिलाम गर्नुपर्ने भनी ठहर्याएको मालसामान जिन्सी निरिक्षण प्रतिवेदन प्राप्त भएको मितिले १ महिना भित्र लिलाम विक्रिको प्रकृया सुरु गर्नुपर्ने व्यवस्था रहेको छ। महालेखा नियन्त्रकको कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रविष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ। यस सम्बन्धि देखिएको बेहोरा निम्नानुसार छः

• कार्यालयले नियमावलीमा भएको व्यवस्था अनुसार आर्थिक वर्षको अन्त्यमा पाम्स मार्फत जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। कार्यालयले यस वर्ष पाम्स मार्फत जिन्सी निरीक्षण नगरी म्यानुअलमा जिन्सी निरिक्षण गरेको छ ।

• पालिका र वडाले ईन्धनका लागि पनि नियमानुसार PAMS को प्रयोग गरेको छैन।

• वडा कार्यालय मार्फत खरिद भएका मसलन्द सामग्री र सवारी साधन मर्मतका लागि भएको खर्चलाई पाम्स मार्फत खरिद आदेश, जिन्सी दाखिला, मर्मत आदेश र मर्मत अभिलेख गरेको पाइएन ।

• विभिन्न समिति, समूह, क्लब, विद्यालय र संस्था लगायतलाई हस्तान्तरण गरिएका सामग्रीको उक्त समिति, समूह, क्लब, विद्यालय र संस्थाले आफ्नो जिन्सी खातामा दाखिला गरेको प्रमाण पेश भएको देखिएन । जसले मालसामानको सुरक्षा र प्रयोगको अवस्था यकिन गर्न सकिएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार वडा कार्यालय र शाखाको सम्पूर्ण मालसामानको विवरण अध्यावधिक गरी अभिलेख नराखेको, विषयगत शाखा र वडा कार्यालयमा रहेका जिन्सी सामग्रीको व्यवस्थापनका लागि कुनै पनि कर्मचारीलाई जिम्मेवारी नतोकिएको, लिलाम गर्नुपर्ने सामान किटान गरी जिन्सी शाखामा पत्र लेखी नपठाएको, वडा कार्यालय, पालिका र पालिका मातहतका अन्य निकायको जिन्सी खाता व्यवस्थित गरी नराखिएको र सामान खरिद भएको मिति र मूल्य नखुलेको साथै जिन्सी शाखामा सबै सामानको छुट्टै अभिलेख नभएको जस्ता बेहोरा उल्लेख रहेकोमा सुधार भएको पाइएन ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। कार्यालयले यस वर्षको जिन्सी निरिक्षण गरी प्रतिवेदनमा विभिन्न सामग्रीको लिलामी गर्नुपर्ने उल्लेख गरेकोमा पालिकाबाट मालसामानको लिलामीका लागि प्रक्रिया अगाडी बढेको देखिएन ।

• सार्वजनिक खरिद ऐन,2063 को दफा 4 अनुसार वस्तु तथा मालसामान खरिद गर्दा अधिकार प्राप्त अधिकारीको लिखित आदेश विना खरिद गर्न नहुने व्यवस्था रहेको छ। मालसामानहरु खरिद गर्दा पालिका मार्फत खरिद गरी वडामा हस्तान्तरण गर्नुपर्नेमा केही मालसामान वडा मार्फत खरिद भएको देखियो ।

यसरी कार्यालयले आफू मातहतका सम्पूर्ण निकायको जिन्सीलाई एकिकृत गरी Public Assets Management System (PAMS) मा खप्ने र नखप्ने सम्पूर्णको गत विगत देखिका सबै विवरण अध्यावधिक गर्ने, हस्तान्तरण भएका सामग्रीको पनि नियमानुसार पाम्स मार्फत हस्तान्तरण र सम्बन्धितले दाखिला गर्नुपर्ने साथै ईन्धन, मर्मत र जिन्सी निरीक्षणलाई पनि पाम्स मार्फत गरी जिन्सीलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ।

१६.२ **जिन्सी मालसामानको लिलामी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०६ मा लिलाम बिक्री गरिने सम्बन्धी व्यवस्था रहेको छ । यस्तै इच्छाकामना गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७७ को दफा १७ को उपदफा ५, ६, ७ र ८ मा जिन्सी निरीक्षण र प्रतिवेदन सम्बन्धी व्यवस्था गरिएको छ । पालिकाले जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख गरिएका लिलाम गर्नुपर्ने मालसामानका लागि आवश्यक लिलामीको प्रक्रिया अगाडी बढाएको देखिएन । नियमावली र निर्देशिकामा भएको व्यवस्थाको पालना गर्नुपर्ने देखिन्छ ।

| शाखा | सामग्रीको विवरण | लिलाम गर्नुपर्ने सामग्रीको संख्या |
|---|---|---|
| राजश्व शाखा | टेलिफोन सेट | १ थान |
| पूर्वाधार शाखा | टेलिफोन सेट | १ थान |
| योजना शाखा | टेलिफोन सेट | १ थान |
| व्यवसाय शाखा | स्टील दराज | १ थान |
| भुइ तल्ला कोरिडोर | र्याक | १ थान |
| | फोटोकपी मेशिन | १ थान |
| अध्यक्ष कार्यकक्ष | टेलिफोन सेट | १ थान |
| जिन्सी र प्रशासन शाखा | टेलिफोन सेट | १ थान |
| कृषि शाखा | टेलिफोन सेट | १ थान |
| पशु शाखा | टेलिफोन सेट | १ थान |
| पशु ल्याब | बडिजरुरो क्यासटेटर सानो/ ठुलो | ४ थान |
| प्र. प्र . अ आवास | पर्दा | ४ थान |
| | फायर बक्स | १ थान |
| कार्यालय | कार | १ थान |
| वडा नं १ | सिंगल सिटर सोफा | २ थान |
| वडा नं ३ | रिभल्भिङ कुर्सी | २ थान |
| | प्रिन्टर IBP 030 | १ थान |
| | प्लाष्टिक कुर्सी | ६ थान |
| | स्ट्याण्ड फ्यान | १ थान |
| | थर्मस | १ थान |
| वडा नं ४ | स्टिल दराज | १ थान |
| | सि सि क्यामरा | ४ थान |
| वडा नं ५ | प्लाष्टिक कुर्सी | २ थान |
| | सिलिङ फ्यान | १ थान |
| | प्रिन्टर क्यानन | १ थान |
| वडा नं ६ | बायोमेट्रिक मेशिन | १ थान |
| वडा नं ७ | रिभल्भिङ कुर्सी | १ थान |
| | सिंगल सिटर सोफा | १ थान |
| | स्टील टेबल | १ थान |

१७ **सम्पत्ति व्यवस्थापन**

(क) सम्पत्ति हस्तान्तरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरू जिम्मेवारी सारेको पाइएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरू हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरूको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।

(ख) सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण - स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा पालिका तथा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षणको अभिलेख राखेको पाइएन । पालिका भित्र पर्ने सार्वजनिक जग्गाको विवरण नराखेकोले सार्वजनिक जग्गा अतिक्रमण भएको अवस्था समेत यकिन गर्न सक्ने अवस्था छैन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राख्नु पर्दछ ।

(ग) जिन्सी सम्पत्तिको सुरक्षा - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा अन्य प्रचलित कानूनले तोके अनुसार प्रत्येक कार्यालयले आफ्नो हक स्वामित्वमा रहेको सम्पत्तिको लेखाङ्कन प्रतिवेदन संरक्षण र उपयोग गर्ने जिम्मेवारी सम्वन्धित कार्यालय प्रमुख वा जिम्मेवार निकायको हुने व्यवस्था छ । मिति २०७६/०२/१५ मा महालेखा परीक्षक कार्यालयबाट स्वीकृत सम्पत्तिको सकेत (Chart of Account) को आधारमा सम्पत्तिको लेखाङ्कन तयार हुने र स्वीकृत म.ले.प. फारामअनुसार सम्पत्ति लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ । मिति २०७७ श्रावण महिना देखि महालेखा नियन्त्रकको कार्यालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली PAMS लागू गरेको छ । पालिकाले कम्तिमा वार्षिक रूपमा एक पटक भौतिक परीक्षण गर्नुपर्नेमा नगरेको, आवधिक रूपमा गरेको जिन्सी सामानको भौतिक परीक्षण प्रतिवेदन बमोजिम लिलामी प्रकृया शुरु नगरेको, कर्मचारी सरुवा हुँदा जारी हुने रमानापत्र भण्डार शाखाबाट जारी हुने भण्डार स्वीकृतिपत्र प्राप्त गरे पछि मात्र हुनुपर्नेमा सो नगरेको, पालिकाले वैदेशिक सहयोगबाट प्राप्त गरेको वा कुनै ठेक्का सम्झौता अनुसार प्राप्त सम्पत्ति कार्यालयको अभिलेखमा अद्यावधिक रुपमा अभिलेख गरेको पाइएन । गाउँपालिकाले सबै म.ले.प. फारामहरू प्रयोगमा ल्याई हालसम्मको जिन्सी आम्दानी तथा खर्चलाई PAMS प्रविष्टि गरी अद्यावधिक गर्नुपर्दछ ।

(घ) मालसामानको गुणस्तर - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने निरीक्षण वा परीक्षण गर्ने निकाय अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम प्रतिशत स्पेसिफिकेशन निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

(ङ) संरचना तथा कार्यालय गाभिएको अवस्थामा सम्पत्ति व्यवस्थापन - हाल स्थानीय तहहरू विगतका गाउँ विकास समितिहरु गाभिएर बनेका हुन् । त्यसै गरी आधारभुत प्राथमिक र माध्यमिक विद्यालयहरुको विद्यार्थी शिक्षक अनुपात घटी भएको अवस्थामा एक अर्कामा गाभिने व्यवस्था छ । त्यसै गरी अन्य किसिमका निर्मित संरचना विगतमा साविकका जिल्ला विकास समिति, जिल्ला प्राविधिक कार्यालय एवं अन्य सङ्घ संस्थाले निर्माण गरेका विद्यालय, कार्यालय लगायतका सार्वजनिक प्रयोजनका भवन, फर्निचर तथा अन्य मेसिनरी औजार लगायतका सामग्री उक्त भवनहरु लगायतका संरचना विस्थापन गर्दा, भत्काउँदा वा तोकिएको वाहेक अन्य प्रयोजनको लागि प्रयोग गर्न दिँदा, भौतिक रूपमा नष्ट गरिएको अवस्थामा पुन प्रयोग गर्ने सकिने प्रकृतिका मालसामान तथा मेसिनरी औजारहरुको लगत राख्ने, अर्को स्थानमा प्रयोग गरेको भए सो स्थानको निर्माण लागतमा परेको प्रभाव विश्लेषण गर्ने, अनुगमन गरी मूल्याङ्कनसहितको प्रतिवेदन तयार गर्नुपर्नेमा पालिकाले त्यसको प्रतिवेदन तयार गरेको छैन । यसले गर्दा सार्वजनिक खर्चबाट निर्मित

संरचनाको अवस्था त्यसको प्रयोग एवं भौतिक रुपमा नस्ट गरेको वा भत्काएको र त्यसको सामग्री अन्य प्रयोजनमा उपयोग भएका छन् वा छैनन् भनी यकिन गर्न सकिएन ।

## १८ आन्तरिक आयतर्फ

१८.१ आयको अनुमान तथा संकलन- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ।पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ अनुमानित रु. १० करोड ३० लाख ९३ हजार (कुल बजेटको १३.२३ प्रतिशत) प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु. ७ करोड १५ लाख १० हजार (दहत्तर बहत्तर समेत) अर्थात अनुमानको ६९.३६ प्रतिशत २५ वटा राजस्व शिर्षकबाट राजस्व संकलन भएको छ।पालिकाले आन्तरिक स्रोतको दायरा फराकिलो पारी संकलीत राजस्व बाट पुँजि निर्माण तथा उत्पादनमूलक क्षेत्रमा खर्च गर्नुपर्दछ ।

| क्र स | करको विवरण | संकलन रकम रु |
|---|---|---|
| १ | सम्पती कर | ७७२३४५ |
| २ | भुमिकर/मालपोत | ६०४८०७ |
| ३ | वहाल कर | ३३५३४१७ |
| ४ | वहाल विटौरी कर | ५३१०३७ |
| ५ | अन्य मनोरञ्जन कर | ५००० |
| ६ | व्यवसायले भुक्तानी गर्ने | १८४३१० |
| ७ | अन्य कर | ३०००० |
| ८ | पर्यटन शुल्क | १७७८९२६९ |
| ९ | अन्य सेवा शुल्क तथा बिक्री | ९९६२८२ |
| १० | शिक्षा क्षेत्रको आम्दानी | ३०००० |
| ११ | परीक्षा शुल्क | ३१६०० |
| १२ | अन्य प्रशासनिक सेवा शुल्क | १४१५५७७ |
| १३ | पार्किङ्ग शुल्क | २०० |
| १४ | नक्सापास दस्तुर | ११२२४८ |
| १५ | सिफारिश दस्तुर | १०१८०१० |
| १६ | व्यक्तिगत घटना दर्ता दस्तुर | २८७००० |
| १७ | नाता प्रमाणित दस्तुर | १०८७५० |
| १८ | अन्य दस्तुर | १४५३५८ |
| १९ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | १४५३२२ |
| २० | विद्युत सम्बन्धी दस्तुर | ९३०७३७ |
| २१ | प्रशासनिक दण्ड, जरिवाना र जफत | १३०२८०७ |
| २२ | अन्य राजस्व | ७८६३६५८ |
| २३ | व्यवसाय कर | ४३४४७५० |
| २४ | बेरुजू | ७०७८१३२ |
| २५ | दहत्तर बहत्तर शुल्क | २२३३०१९१ |
| **जम्मा** | | **७१५१०८१४** |

सम्पत्ति कर – पालिकाको आर्थिक ऐन,२०८१ को दफा २ मा पालिका क्षेत्रभित्र पालिका क्षेत्रभित्र अनुसुचि-१ मा उल्लेख भए बमोजिम सम्पत्ति कर लगाइने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले सम्पत्ति कर वापत रू. ७७२३४५ संकलन गरेकोमा सम्पत्ति करको तथ्याङ्क अध्यावधिक गरी नराखेकोले उक्त रकम वास्तविक हो भन्न सकिदैन।पालिकाले करको विभिन्न क्याटेगोरीहरु अनुसार तथ्यांङ्क अद्यावधिक गर्नुपर्दछ । त्यसरी बाकी कर रकम पालिकाले यकिन गरी असुल गर्नुपर्दछ।

व्यवसाय कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ।पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको व्यवस्थित अभिलेख अध्यावधिक गरेको छैन। पालिकामा व्यवसाय गरेर बस्ने व्यवसायीको वास्तविक विवरण पालिका सँग रहेको छैन। जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर वापतको रु. ४३४४७५०। मात्र संकलन गरेको छ।जुन् शुल्क यथार्थ मान्न सक्ने अवस्था छैन।तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

१८.२ आन्तरिक आयको प्रतिशत - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्ष २०८१।८२ मा सङ्कलन गरेको आन्तरिक आय रु. ७,१५,१०,८१४ केन्द्रीय सरकारबाट प्राप्त गरेको अनुदान रु. ६३,८४,०५,७७६ को तुलनामा १.१२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१८.३ ढुङ्गा,गिट्टी बालुवाको शुल्क – स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६२(क)(१) अनुसार गाउँपालिका तथा नगरपालिकाको आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परीमाणमा स्लेट,ढुंगा,गिट्टि बालुवा तथा माटोजन्य वस्तुको बिक्रि गर्नसक्ने व्यवस्था रहेको छ।त्यसैगरी बागमती प्रदेश सरकारको आर्थिक ऐन,२०८१ को दफा ९ अनुसार ढुङ्गा, चुनढुङ्गा, खरिढुङ्गा, गिटी, ग्राभेल, रोडा, बालुवा र स्लेट संकलनमा अनुसूची-५ बमोजिम मूल्य अभिवृद्धि कर बाहेक प्रति घन फिट रु.७।०० शुल्क लाग्ने व्यवस्था छ।पालिकाले गाउँपालिका अन्तरगत रहेका विभिन्न खोला तथा नदीहरुको निर्धारित क्षेत्रबाट नदिजन्य पदार्थको उत्खनन् संकलन तथा विक्रि गरी रु २२३३०१९१ प्राप्त गरेको विरण पेश गरेकोमा यस सम्वन्धी फाईल जलेर नष्ट भएको मुचुल्का पेश भएकोले यस सम्वन्धमा थप बेहोरा उल्लेख गर्न सकिएन ।

१८.४ मनोरञ्जन कर – बागमती प्रदेश आर्थिक ऐन, २०८१ को दफा ५ को (१) मा बागमती प्रदेश भित्रको चलचित्र घर, थिएटर/नाटक घर, भिडियो घर, सांस्कृतिक प्रदशन हल, कन्सर्ट, ओपेरा, क्यासिनो, डान्स बार, नाईट क्लब, दोहोरी साँझ, रोदी घर, मसाज एवं स्पा, फनपार्क, आकाशे सिसाको पुल, फुटसल, पुल हाउस, स्वीमिङ्ग पूल, जिम हाउस, स्वीङ्ग, वाटर गार्डन, बाल उद्यान, पार्क, ताल तलैया, क्रुज, वोटिङ्ग वा डुङ्गा सफारी, रक क्लाईम्बिङ्ग, क्यान्योनिङ, बञ्जिजम्प, जीपलाईन, प्याराग्लाईडिङ्ग, र्याटिङ्ग, केबलकार, मेला, महोत्सब लगायतका मनोरञ्जल स्थलमा अनुसूची - ३ बमोजिमको मनोरञ्जन कर लगाईने र असुल उपर गरिने उल्लेख छ । उपदफा ५ स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम सम्वन्धीत स्थानीय तहले साठी प्रतिशत र प्रदेशले चालीस प्रतिशत वाँडफाँट गर्नुपर्ने व्यवस्था छ । अनुसूची – ३ को मनोरञ्जन कर अन्तरगत सि.नं. २ मा केबलकार, बञ्जिजम्प, जिपलाईन, प्याराग्लाइडिङ्ग, क्यान्योनिङ, र्याफ्टिङ्ग प्रति टिकटमा करको दर दुई प्रतिशत (आर्थिक ऐन, २०८० मा पाँच प्रतिशत कायम रहेको) प्रतिशत लाग्ने उल्लेख छ । यस पालिकामा २०५८ साल देखि मनकामना दर्शन प्रा. लि. सञ्चालनमा रहेकोमा उक्त संस्थाले वुझाउनुपर्ने मनोरञ्जन कर आर्थिक वर्ष २०८१।८२ सम्म पालिकामा वुझाएको देखिएन । गत विगतका वर्षमा उक्त संस्थाले वुझाउनुपर्ने कर पालिकाले एकिन गरी असुल गर्नुपर्दछ । उक्त संस्थाको आर्थिक वर्ष २०८१।८२ को अन्तिम लेखापरीक्षण प्रतिवेदन अनुसार टिकट विक्रि वापत रु ६६९७६१८७१ संकलन भएकोमा उक्त रकमको २ प्रतिशत कर रु १३३९५२३७ पालिकाले एकिन गरी असुल गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३३,९५,२३७ |

१९ **पदाधिकारी सेवा सुविधा**

बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संसोधन) ऐन, २०७६ को दफा २, ३, ४, ५ र ६ मा पदाधिकारी सेवा सुविधाको व्यवस्था गरी अनुसुची १ (क), १ (ख) र १ (ग) मा उल्लेख गरिएको छ। ऐनमा भएको सुविधाको अधिनमा रहि कार्यालयले गाउँपालिका अध्यक्ष, गाउँपालिका उपाध्यक्ष, ७ जना वडाध्यक्ष, ६ जना कार्यपालिका सदस्य र २३ जना

गाउँसभा सदस्य गरी जम्मा ३८ जना जनप्रतिनिधिलाई प्रदेश कानुन बमोजिम पदाधिकारी अन्य भत्ता शिर्षकमा रु. ५४,००,०००/- बजेट विनियोजन गरी सेवा सुविधा वापत रु. ५४,४२,०००/- भुक्तानी गरेको छ।

| क्र. सं | पदाधिकारी | संख्या | मासिक सुविधा (प्रति सदस्य) | जम्मा वार्षिक |
|---|---|---|---|---|
| १ | गाउँपालिका अध्यक्ष | १ जना | रु. ३४००० /- | ४, ०८ , ००० /- |
| २ | गाउँपालिका उपाध्यक्ष | १ जना | रु. ३०००० /- | ३, ६० , ००० /- |
| ३ | वडाध्यक्ष | ३ जना | रु. २३००० /- | ८, २८ , ००० /- |
| ४ | वडाध्यक्ष | ४ जना | रु. १९००० /- | ९, १२ , ००० /- |
| ५ | कार्यपालिका सदस्य | ६ जना | रु. १२००० /- | ८, ६४ , ००० /- |
| ६ | गाउँसभा सदस्य | २३ जना | रु. ७५०० /- | २०, ७० , ००० /- |
| जम्मा | | | | ५४, ४२ , ००० /- |

२० **प्रमाण कागजात**

( ✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **५००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **७००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

२१ **कर्मचारी प्रोत्साहन भत्ता**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले इच्छाकामना गाउँपालिका कर्मचारी प्रोत्साहन तथा सेवा सुविधा सम्बन्धी कार्यविधि, २०७९ बनाई उक्त कार्यविधिको दफा ३ को उपदफा १२,१३ र १४ मा गाउँपालिका भन्दा अन्यत्र स्थायी ठेगाना भई भाडामा बस्ने स्थानीय कर्मचारीहरुलाई व्यक्तिगत रुपमा निजले खाइपाई आएको शुरु तलब स्केल (ग्रेड र महङ्गी बाहेक) को ७ प्रतिशतले हुन आउने रकम मासिक रुपमा आवास सुविधा वापत उपलब्ध गराइने र यस्तो सुविधा करार कर्मचारी, पालिकामा आफ्नै घर भई उक्त घरमा बसोबास गर्ने र पालिकाको आवास सुविधा प्रयोग गर्ने कर्मचारीको हकमा लागु नहुने उल्लेख गरेको छ । यसका साथै कार्यविधिको दफा ४ मा अतिरिक्त समय काम गरे वापत कार्य घण्टाको आधारमा खाइपाइ आएको शुरु तलब स्केलको बढीमा ५० प्रतिशतका दरले हुन आउने रकम कर्मचारी प्रोत्साहन वापत उपलब्ध गराउने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष अन्य भत्ता शिर्षकमा रु.३२,००,०००/- बजेट विनियोजन गरी कर्मचारीको आवास सुविधा र अतिरिक्त समय काम गरे वापतको सुविधाका लागि खर्च गरेको छ । पालिकाको आफ्नो आन्तरिक आम्दानी रु. ७,१५,१०,८१४/- को तुलनामा आवास सुविधा र अतिरिक्त समय कार्य गरे वापतको भत्ता वितरणमा ४.४७ प्रतिशत खर्च भएको देखिन्छ ।

२२ **ईन्धन खर्च**

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड,२०८१ को दफा १४ मा भएको व्यवस्था अनुसार कार्यालयले ईन्धन खर्चमा मितव्यीता ल्याइ खर्च गर्नुपर्ने उल्लेख छ। साथै इच्छाकामना गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७७ को दफा ९ (अनूसुची - १) मा ईन्धन सुविधाको व्यवस्था गरिएको छ । पालिकाले पालिका तर्फ ईन्धनका लागि २ वटा बजेट शिर्षकमा रु.३७,००,०००/- बजेट विनियोजन गरी ईन्धनको कुपन प्रयोग गरी वावा धाम ट्रेडर्स (३०३८९६२७४) बाट र सोझै बिल पेश गरी

विभिन्न फर्मबाट रु.२९,६२,५३४/- खर्च गरेको छ । यसैगरी वडा कार्यालय तर्फ ७ वटा वडामा ईन्धन शिर्षकमा रु.५,६०,०००/- बजेट विनियोजन गरी रु.४,०७,१९८/- खर्च गरेको छ । महालेखा नियन्त्रक कार्यालयबाट ईन्धन खर्च सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्टी गर्नुपर्ने भनी निर्देशन गरेको छ । कार्यालयले ईन्धन प्रयोग र ईन्धनको माग फारम लगायतलाई पाम्स मार्फत गरेको छैन । प्रचलित कानूनी व्यवस्थाको पालना गरी PAMS मा नियमानुसार प्रविष्टि गरेर मात्र ईन्धन खर्च गर्नुपर्दछ । पालिकाले सवारी साधनमा ईन्धन खपतको अवस्था खुल्नेगरी म.ले.प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राख्नु पर्दछ । लेखापरीक्षणको क्रममा परीक्षण गर्दा कार्यालयले चारपाङ्ग्रे सवारी साधनको लगबुक राखे पनि व्यवस्थित रुपमा राखेको पाइएन । सवारी साधनको वास्तविक अवस्था खुल्ने गरी म. ले. प. फाराम ९०५ अध्यावधिक गर्नुपर्दछ ।

| क्र. सं | बजेट शिर्षक | वार्षिक वजेट | खर्च |
|---|---|---|---|
| १ | ईन्धन ( पदाधिकारी ) | १२, ०० , ००० /- | ४, ८९ , ६७१ /- |
| २ | ईन्धन ( कार्यालय प्रयोजन ) | २५, ०० , ००० /- | २४, ७२ , ८६३ /- |
| ३ | ईन्धन वडा तर्फ ( ७ वटा वडा ) | ५, ६० , ००० /- | ४, ०७ , १९८ /- |
| | जम्मा | ४२, ६० , ००० /- | ३३, ६९ , ७३२ /- |

## २३ सवारी साधन मर्मत खर्च

सार्वजनिक खरिद नियमावली, २०६४ (चौधौँ संशोधन) को नियम ९६ मा मालसामान मर्मत सम्भार गर्ने, गराउने कार्यविधिको व्यवस्था गरिएको छ। पालिकाले इच्छाकामना गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७७ को दफा ८ को उपदफा ७ मा सरकारी सवारी साधन प्रयोग गर्ने कर्मचारीलाई निजले प्रयोग गरेको सवारी साधनको लागि मर्मत बिल बमोजिम बढीमा कार/जिपको वार्षिक पचास हजार र मोटरसाईकल वा स्कूटरको लागि वार्षिक दश हजार नबढ्ने गरी मर्मत खर्च उपलब्ध गराइने र यस भन्दा बढी रकमको सवारी साधनको मर्मत सम्भार बापतको रकम भुक्तानी गर्नुपर्ने अवस्थामा कार्यपालिकाको निर्णय बमोजिम हुने उल्लेख छ । कार्यालयले दुई पाङ्ग्रे सवारी साधनको मर्मतका लागि वार्षिक रुपमा भएको खर्चको अभिलेख राखेको देखिएन । पालिकाले यस वर्ष सवारी साधन मर्मत खर्चमा पालिका र वडामा देहायका विभिन्न शिर्षकमा रु. ४१,१०,०००/- बजेट विनियोजन गरी रु.३४,५९,००८/- खर्च गरेको छ । वडामार्फत भएको सवारी साधन मर्मतमा नियमानुसार PAMS मार्फत मर्मत आदेश र अभिलेख नराखी म्यानुअल राखेको देखियो ।

| क्र. सं | बजेट शिर्षक | विनियोजित बजेट | खर्च रकम |
|---|---|---|---|
| १. | सवारी साधन मर्मत खर्च | २५, ०० , ००० /- | २१, ७५ , ९८० /- |
| २. | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ६, ०० , ००० /- | ५, २६ , ७४० /- |
| ३. | सवारी साधन मर्मत खर्च वडातर्फ ( ७ वटा वडा ) | १०, १० , ००० /- | ७, ५६ , २८८ /- |
| जम्मा | | ४१, १० , ००० /- | ३४, ५९ , ००८ /- |

## २४ विद्युत महशुलको जरिवाना भुक्तानी

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०८१ को बुँदा नं ८ मा पानी, बिजुली र संचार महसुलवापत विनियोजित बजेटबाट खर्च धान्ने गरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ। त्यस्तै इच्छाकामना गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७७ को दफा १५ मा पानी, बिजुली, टेलिफोन तथा घरभाडा सम्बन्धी व्यवस्था गरिएको छ । उक्त दफाको उपदफा १ र २ मा कार्यालय तथा पदाधिकारीले पानी, बिजुली, टेलिफोन जस्ता सुविधाको प्रयोगमा मितव्ययीता अपनाउनु पर्ने र सोको बील समयमै भुक्तानी गरी जरिवाना नतिर्ने र छुट सुविधा लिने व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । केही भौचरहरु छनौट गरी परीक्षण गर्दा कार्यालयले विद्युत महसुलको जरिवाना स्वरुप रु. ४६,३८२/- सहित महशुल भुक्तानी गरेको पाइयो। कार्यालयले यस्ता युटिलिटी खर्चमा समयमै भुक्तानी गरी छुट प्राप्त गर्नु पर्नेमा म्याद समाप्त भएपछि ५%, १०% र २५% सम्म जरिवाना समेत विल रकमको भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| गो. भौ . नं र मिति | कार्यालय | बिल रकम | जरिवाना | जरिवाना रकम |
|---|---|---|---|---|
| ६७- ०८१ / ०६ / ०७ | इच्छाकामना गाउँपालिका ( डम्पिङ ) | ९४१२४ | २५% र ५ % | २२३२७ |
| ६७- ०८१ / ०६ / ०७ | इच्छाकामना गाउँपालिका | ७०७२३ | २५% र ५ % | ११९७६ |
| ५१२- ०८१ / १० / २५ | इच्छाकामना गाउँपालिका ( डम्पिङ ) | ३०२२० | २५% र ५ % | ६३५१ |
| ६०८- ०८१ / ११ / २८ | वडा नं ५ को वडा कार्यालय | २८६५४ | विभिन्न | ५७२८ |
| जम्मा | | | | ४६३८२ |

| | |
|---|---|
| अनियमित भएको | ४६,३८२ |

२५ **भ्रमण खर्च**

भ्रमण खर्च नियमावली, २०६४ (संसोधन सहित) को नियम ३ मा भ्रमण आदेशको स्वीकृती, नियम १० मा दैनिक भ्रमण भत्ता तथा भ्रमण खर्च भुक्तानी विधि, नियम १८ मा भ्रमण सम्बन्धी बिल भर्पाइ र नियम २१ मा भ्रमण अभिलेख राख्नु पर्ने व्यवस्था गरेको छ । साथै इच्छाकामना गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७७ को दफा ७ मा दैनिक भत्ता र भ्रमण खर्चको व्यवस्था गरिएको छ । पालिका र वडा कार्यालयले यस वर्ष विभिन्न भ्रमण तथा अनुगमन मूल्याङ्कन खर्च शीर्षकमा रु. ३९,३२,०००/- बजेट व्यवस्था गरी रु. ३५,७३,७७८/- खर्च गरेको देखिन्छ । यस सम्बन्धमा देखिएका बेहोराहरु देहाय बमोजिम रहेका छन् ।

• कार्यालयका कर्मचारी र पदाधिकारीले विभिन्न कामको सिलसिलामा भ्रमण गर्दा नियमानुसार भ्रमण आदेशको दर्ता गर्नुपर्नेमा केहि भ्रमण आदेशको दर्ता गरेको पाइएन ।

• कतिपय भ्रमण प्रतिवेदनमा भ्रमण मिति, भम्रण गरिएको स्थान, भ्रमण गर्दा गरिएका क्रियाकलाप लगायतका बेहोरा उल्लेख नगरेको देखियो । यसबाट भ्रमण कार्य प्रभावकारी भएको साथै भ्रमणबाट निर्धारित उदेश्य प्राप्त भए नभएको सम्बन्धमा यकिन गर्न सकिएन ।

• विभिन्न कार्यक्रमको लागि भ्रमण गरेकोमा कतिपयमा कार्यक्रमको उपस्थितिका लागि पठाएको पत्र र यस कार्यालयबाट कर्मचारी तथा पदाधिकारीलाई छनौट गरी पठाएको पत्र राखेको देखिएन ।

| क्र. सं | बजेट शिर्षक | विनियोजित बजेट | खर्च |
|---|---|---|---|
| १. | भ्रमण खर्च | २५, ०० , ००० /- | २५, ०० , ००० /- |
| २. | अनुगमन, मूल्याङ्कन खर्च | ७, ०० , ००० /- | ४, १८ , ९७८ /- |
| ३. | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | २, ०० , ००० /- | २, ०० , ००० /- |
| ४. | अन्य भ्रमण खर्च | १, ०० , ००० /- | ५०, ००० /- |
| ५. | वडाको अनुगमन मूल्याङ्कन खर्च | ४, ३२ , ००० /- | ४, ०४ , ८०० /- |
| | जम्मा | ३९, ३२ , ००० /- | ३५, ७३ , ७७८ /- |

२६ **अवलोकन भ्रमण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउँपालिका तथा नगरपालिकाको अधिकार र दफा २४ मा योजना बनाई कार्यान्वयनको व्यवस्था गरेकोमा अनुत्पादक क्षेत्रमा खर्च नियन्त्रण गर्दै पूर्वाधार निर्माण तथा दिर्घकालीन पूँजि निर्माण हुने क्षेत्रमा मात्र खर्च गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले कर्मचारी, जेष्ठ नागरिक, कृषि समूह लगायतलाई गाउँपालिका, वडा कार्यालय, विषयगत शाखा र विभिन्न समूहले समन्वय गरी रिफ्रेसमेन्ट, अवलोकन, तिर्थयात्रा र धार्मिक स्थलको भ्रमण गराए वापत विभिन्न स्थानमा लगि पालिकाका विभिन्न शिर्षकबाट खर्च लेखेको छ । यसरी गरिएको खर्चमा यातायात, खाना खाजा र आवास वापत विभिन्न फर्मलाई र कर्मचारीलाई पेश्की दिइ वा सोझै सोधभर्ना दिइ भुक्तानी गरेकोमा ऐनमा यस सम्बन्धी कानूनी व्यवस्था गरेको देखिदैन । पालिकाबाट यस वर्ष यस्ता अवलोकन र भ्रमणमा के कति खर्च भएको भनी पालिका सँग अभिलेख रहेको देखिएन । जसले गर्दा यस आ.वमा यस्ता

भ्रमण र अवलोकनमा भएको खर्चको यकिन गर्न सकिएन । यसरी पालिकाले पूर्वाधार निर्माण तथा दिर्घकालीन पूँजि निर्माण हुने क्षेत्रमा केन्द्रित भइ अनुत्पादक क्षेत्रमा हुने खर्चलाई नियन्त्रण गर्नुपर्दछ ।

| गो. भौ . नं र मिति | भ्रमणको विवरण | भ्रमण स्थान | भ्रमणमा संलग्न संख्या | खर्च |
|---|---|---|---|---|
| ६९०-०८१/१२/१९ | वडा सचिवहरुको भ्रमण अवलोकन | कोशी र मधेश प्रदेश | ७ जना | ९७७१५ |
| ५८४-०८१/११/०९ | प्राविधिक कर्मचारीको अवलोकन भ्रमण | कर्णाली र गण्डकी प्रदेश | ८ जना | २२९०२४ |
| ११६५-०८१/०३/१३ | कर्मचारी भ्रमण खर्च | गोरखा, बन्दीपुर | १० जना | ४८८५० |
| ५५३-०८१/११/०२ | जेष्ठ नागरिक धार्मिक संस्था अवलोकन | देवघाट, नुवाकोट | विभिन्न | ७५१०० |
| ४९९-०८१/१०/२२ | घुर्केश सामुदायिक होमस्टे सञ्चालकहरुलाई अवलोकन भ्रमण | सिरुबारी स्याङ्जा | १३ जना | १९४००० |

२७ **वडा सञ्चालन खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ । कार्यालयले वडा खर्चका लागि आवश्यक मापदण्ड बनाएको छैन । कार्यालयले यस आर्थिक वर्ष ७ वटा वडा कार्यालयहरुको लागि वार्षिक जम्मा रु. ८० लाख ४२ हजार रकम विनियोजन गरी खर्च गरेको छ । सबैभन्दा बढी वार्षिक वडा कार्यालय सञ्चालन बजेट वडा नं २ को रु. १७ लाख १६ हजार र सबैभन्दा कम वार्षिक वडा कार्यालय सञ्चालन बजेट वडा नं १, वडा नं ४, वडा नं ५ र वडा नं ६ को प्रति वडा रु. १० लाख १६ हजार रहेको छ । विनियोजित बजेटबाट वडाका पदाधिकारीको बैठक भत्ता, पानी तथा बिजुली, संचार महशुल, ईन्धन (कार्यालय प्रयोजन), निर्मित सार्वजनिक सम्पत्तिको मर्मत तथा सम्भार खर्च, मसलन्द तथा कार्यालय सामग्री, कार्यक्रम खर्च, अनुगमन मूल्याङ्कन खर्च, विविध खर्च, सवारी साधन तथा मेशिनर औजार भाडा लगायतमा खर्च गरेको देखियो । वडा कार्यालयमा भएका खर्चको नमुना छनौट गरी स्रेस्ता परीक्षण गर्दा निम्नानुसारका बेहोरा देखिएका छन् ।

• खरिद भएका सामाग्रीहरुको माग फारम, खरिद आदेश र जिन्सी दाखिला PAMS मा भएको देखिएन । म्यानुअल जिन्सी दाखिला गरेकोमा दाखिला प्रतिवेदन नं, जिन्सी खाता पाना नं र जिन्सी वर्गिकरण नियमानुसार गरेको देखिएन ।

• विभिन्न आपूर्तिकर्ता, पार्टी र व्यक्तिहरुलाई रकम भुक्तानी गर्दा उपयुक्त विद्युतीय माध्यम वा बैङ्किङ प्रणाली मार्फत नगरी वडा सचिवले सोधभर्ना लिई भुक्तानी गरेको देखियो ।

• वडा मार्फत प्रयोग भएको ईन्धनलाई नियमानुसार PAMS मा दाखिला गरेको देखिएन ।

• वडा मार्फत सवारी साधनको मर्मत गरिएकोमा नियमानुसार पाम्समा मर्मत आदेश, मर्मत सम्पन्न र मर्मत अभिलेख राखेको पाइएन ।

• वडाका केहि कर्मचारी र पदाधिकारीले विभिन्न कामको सिलसिलामा भ्रमण गर्दा नियमानुसार भ्रमण आदेशको दर्ता गर्नुपर्नेमा गरेको पाइएन ।

२८ **सूचना प्रकाशन खर्च**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम सार्वजनिक निकायले प्रतिस्पर्धा सिमित हुने गरी खरिद गर्न नहुने व्यवस्था छ। विज्ञापन (नियमन गर्ने) ( पहिलो संशोधन ) नियमावली, २०८० को नियम ६क. को उपनियम (२) मा सरकारी निकायले सूचना प्रकाशन वापतको रकम भुक्तानी गर्दा सञ्चार माध्यमबाट सोझै प्रकाशन वा प्रसारण भएको भए त्यस्तो सञ्चार माध्यमले जारी गरेको बिल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत प्रकाशन तथा प्रसारण गरिएको भए सञ्चार माध्यमले जारी गरेको बिलको प्रतिलिपि सहित त्यस्तो एजेन्सीको सेवा शुल्क खुल्ने गरी सो एजेन्सीले जारी गरेको बिल बमोजिम नियमावलीमा भएको व्यवस्थाको आधारमा गर्नु पर्ने उल्लेख छ। साथै उपनियम (३) मा उपनियम (२) बमोजिम सञ्चार माध्यम वा विज्ञापन एजेन्सीलाई रकम भक्तानी गर्नु अघि ऐनको दफा २१ को उपदफा (२) को खण्ड (ख) बमोजिमको रकम कट्टा गर्नु पर्नेछ। पालिकाले यस वर्ष पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च शिर्षकमा रु. २०,००,०००/- बजेट विनियोजन गरी रु. १९,९७,९९७/- खर्च गरेकोमा सार्वजनिक खरिद ऐनको दफा ८ बमोजिम प्रतिस्पर्धा नगरी र कोटेशन पेश नगरी सोझै गरेको देखियो। साथै सूचना प्रकाशन गर्दा सम्बन्धित विज्ञापन एजेन्सीलाई सूचनाको कार्यदिश दिएको देखिएन। यसै गरी विज्ञापन एजेन्सीले संचार माध्यमले जारी गरेको बील पेश नगरी आफ्नो मात्र बील समावेश गरी

सूचना प्रकाशन वापतको भुक्तानी लिएको देखिएकोले एजेन्सीले कति प्रतिशत सेवा शुल्क निर्धारण गरेको भनी यकिन गर्न सकिएन। त्यस्तै विभिन्न संचार माध्यमका टुक्रे बिल पेश भएकोमा सो वापत पनि रकम भुक्तानी भएको देखियो। खर्चमा मितव्ययीता ल्याउन ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्ने देखिन्छ। केही उदाहरण देहाय बमोजिम रहेका छन् ।

| गो. भौ . नं र मिति | भुक्तानी पाउनेको विवरण | सञ्चार माध्यमको विवरण | बिल नं र मिति | रकम |
|---|---|---|---|---|
| १७७- ०८१ / ०६ / २० | इन्सेन्टिभ मिडिया एण्ड सप्लायर्स प्रा. लि | नागरिक राष्ट्रिय दैनिकमा प्रकाशन | ०२२-०८१/०६/१७ | ५६९५२ |
| ७७७- ०८२ / ०१ / ०९ | इनिसियल ट्रेडर्स प्रा. लि | गोरखापत्र राष्ट्रिय दैनिक | बिल नं ०१७- ०८१/११/२६ | ४७४६० |
| ८२९- ०८२ / ०१ / २६ | इनिसियल ट्रेडर्स प्रा. लि | नागरिक राष्ट्रिय दैनिक | बिल नं ०२०, ०२१ , ०२२ , ०२३ | १३२८८८ |
| ८२९- ०८२ / ०१ / २६ | इन्सेन्टिभ मिडिया एण्ड सप्लायर्स प्रा. लि | नागरिक राष्ट्रिय दैनिक | बिल नं ०७० | ४७४६० |

## २९ आमन्त्रीत सदस्य

इच्छाकामना गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७७ को दफा ३ को उपदफा (घ) मा समिति वा कार्यदलका कूल सदस्य बाहेक सो संख्याको बढीमा पच्चीस प्रतिशतले हुन आउने संख्यामा विज्ञ, आमन्त्रीत सदस्य वा कर्मचारीलाई बैठक भत्ता उपलब्ध गराइने उल्लेख गरेको छ । नमुना छनौटका आधारमा परीक्षण गरिएका निम्नानुसारका भौचरमा कार्यालयले बैठक भत्ता भुक्तानी गर्दा निर्देशिकामा तोकिएको भन्दा बढी संख्यामा र विशेषज्ञ सेवा भन्दा बाहेकका आमन्त्रीत सदस्यलाई भुक्तानी गरी थप आर्थिक व्ययभार पारेको रु.

| गो. भौ . नं र मिति | समितिको विवरण | समिति सदस्य | आमन्त्रीत सदस्य | आमन्त्रीत सदस्यलाई भुक्तानी |
|---|---|---|---|---|
| ५७२-०८१/११/०८ | राजश्व परामर्श समिति | ७ जना | ५ जना | ३४००० |
| ७७३-०८२/०१/०९ | मूल्याङ्कन समिति बैठक भत्ता | ५ जना | ३ जना | ७३५०० |
| जम्मा | | | | १०७५०० |

| अनियमित भएको | १,०७,५०० |
|---|---|

## ३० खेलकुद कार्यक्रम

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा खर्च प्रणालीमा एकरुपता ल्याई मितव्यीय र प्रभावकारी खर्च प्रणाली बनाउन खर्च गर्ने कार्यविधि र मापदण्ड तोक्ने व्यवस्था रहेको छ। नियमावली २०७७ को नियम ३९ को ५ मा कुनै पनि कार्यक्रममा खर्च गर्नु अघि कार्यविधि तथा मापदण्ड बमोजिम अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। खेलकुद कार्यक्रमको संचालन विभिन्न समुह, क्लब, वडा कार्यालय र गाउँपालिकाको कार्यालयबाट भएको देखियो। पालिकाले खेलकुद कार्यक्रममा पालिकातर्फ रु.११,६१,१०१/- बजेट विनियोजन गरी खर्च गरेकोमा उक्त खर्चको लागि आवश्यक कार्यविधि र मापदण्ड तयार गरेको देखिएन। पालिकाले कार्यपालिका बैठकको निर्णयका आधारमा खेलकुद क्लबलाई सहयोग र विभिन्न खेल कार्यक्रम संचालन वापत खर्च गरेको छ । खर्चको प्रवृत्ति हेर्दा भलिवल, फुटबल लगायतका खेलकुद कार्यक्रम आयोजना गरी वा सहभागी भई खाना, खाजा, यातायात भाडा, खेलकुद सामग्री, खेलकुद पोशाक, पुरस्कार र प्रशिक्षक र सहयोगी भत्ता वितरण गरेको देखियो। खेलाडी, समूह, क्लबले यातायात र खाना खाजाको बिल पेश गरी सोझै भुक्तानी दिएकोमा खेलाडीको संख्या र दिन प्रष्ट रुपमा स्रेस्तामा देखिएन। साथै वितरित सामग्रीहरुको व्यवस्थित रुपमा अभिलेख राखेको देखिएन। यस्ता क्लब र समूहहरुलाई पालिकाबाट प्रत्येक वर्ष पटक पटक भुक्तानी भएकोमा ति खेलकुद सामग्रीहरुको सदुपयोग बारे पालिकाले अनुगमन गर्नुपर्ने देखिन्छ। यसरी नतिजामुलक कार्यमा खर्च गर्नुपर्ने बजेट वितरणमुखी कार्यमा खर्च गरेको उचित देखिएन। यस्ता खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ।

| गो. भौ . नं र मिति | खर्चको विवरण | खर्च रकम |
|---|---|---|
| १२७- ०८१ / ०६ / १६ | विभिन्न क्लबलाई खेलकुद सामग्री वितरण | १३३३३० |
| १९१- ०८१ / ०६ / २० | त्रिवेणी युवा क्लबलाई आर्थिक सहायता | ४०००० |
| १९८- ०८१ / ०६ / २१ | सिद्धिविनायक युवा क्लबलाई सहयोग | ६६००० |
| ४६५- ०८१ / १० / १३ | वडा नं ४ श्री बकुल्लहरी युवा क्लबलाई क्लबस्तरीय भलिबल खेल सञ्चालन | ५०००० |

३१ **वितरणमुखी कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानिय तहले योजना छनौट गर्दा रोजगारी सृजना हुने जनताको जीवनस्तर उठाउने आयआर्जन सँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासको योजनाहरुको छनौटमा ध्यान दिनु पर्दछ। पालिकाले सङ्घीय सरकारबाट सीमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि सीमित रहेको अवस्थामा सीमित स्रोतको अधिकतम उपयोग हुने गरी उल्लिखित विषयहरुमा केन्द्रित भइ योजना कार्यान्वयन गर्नु पर्नेमा वितरणमुखी योजना र कार्यक्रमहरु संचालन गर्ने गरेको देखियो। यस्तो योजना र कार्यक्रमहरु जसले राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान नपुर्याउनेमा जेष्ठ नागरिक पोलार सामग्री वितरण, सहायता सामग्री वितरण, सरसफाइ सामग्री वितरण लगायतमा खर्च लेखेकोमा यस्ता खर्चमा सुधार हुनु पर्दछ। केही उदाहरणहरु निम्नानुसार रहेका छन् ।

| गो. भौ . नं र मिति | वितरणको विवरण | फर्मको विवरण | रकम |
|---|---|---|---|
| ९५८- ०८२ / ०२ / २९ | शारिरिक रुपमा अशक्त समुदायलाई सहायता सामग्री वितरण | राइजिङ मल्टिपर्पोस प्रा. लि | ४३७७७७ |
| २०१- ०८१ / ०७ / ०४ | वडा नं १ जेष्ठ नागरिक सामग्री वितरण पोलार | | ३५१०० |
| ७३७- ०८१ / १२ / २८ | पोषण कार्यक्रममा सरसफाइ सामग्री वितरण | सीता जनरल सप्लायर्स | ९१५३० |
| ७४१- ०८१ / १२ / २८ | पोषण कार्यक्रममा सरसफाइ सामग्री वितरण | रिद्धिजिना इन्टरप्राइजेज | ८८४७९ |
| ४७३- ०८१ / १० / १४ | एल डि प्लाष्टिक ८५० के. जि | श्री ओम ट्रेडिङ्ग बिल नं ७८५ र ६६२ | १९१२५० |

३२ **विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रम**

स्वास्थ्य बिमा नियमावली, २०७५ मा स्वास्थ्य बीमा वापत नेपाल सरकार, प्रदेश सरकार र स्थानिय तहले प्रचलित कानुन बमोजिम अति विपन्नताको परीचयपत्र प्राप्त, अशक्त, अपाङ्ग, जटिल प्रकृतिका बिरामीलाई र ७० वर्ष पुगेका जेष्ठ नागरिकलाई योगदान रकमको सत प्रतिशत, महिला स्वास्थ्य स्वयंसेविका संलग्न परिवारलाई योगदान रकमको ५० प्रतिशत छुट दिन सक्ने व्यवस्था छ । इच्छाकामना गाउँपालिकाले विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रम संचालन कार्यविधि, २०८० बनाई गरिब तथा अति विपन्नताको परिचयपत्र बाहक व्यक्ति वा परिवार र गरिब तथा अति विपन्नताको परिचयपत्र वितरण नभएको अवस्थामा गाउँपालिकाका वडा कार्यालयबाट कार्यविधिको दफा ६ बमोजिम प्रक्रिया पुरा गरी वडा समितिबाट निर्णय भइ सिफारिस गरेको व्यक्ति तथा परिवारका पाँच जना सदस्य सम्मको योगदान रकम (प्रिमियम) पालिकाले बेहोर्ने व्यवस्था गरेको छ । यस वर्ष पालिकाले अति विपन्न समुदायको स्वास्थ्य बीमा कार्यक्रम शिर्षकमा रु.३,५०,०००/- विनियोजन गरी प्रति परिवार रु.३,५००/- का दरले ८९ परिवारको स्वास्थ्य बीमाको प्रिमियम वापत रु.३,११,५००/- खर्च गरेको छ । खर्च रकम पालिकाले स्वास्थ्य बीमा बोर्डका नाममा भुक्तानी दिएको छ । कार्यविधिको दफा ११ मा विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गाउँपालिका अध्यक्षको संयोजकत्वमा गठित ८ सदस्यीय संयोजन समितिबाट गरिने र दफा १२ मा विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रमको प्रतिवेदन तथा विमितहरुको सूचि स्वास्थ्य शाखाले तयार गरी गाउँपालिकाको बेवसाइट मार्फत वार्षिक रुपमा सार्वजनिक गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन । कार्यविधि अनुरुप कार्यक्रम सञ्चालन गर्ने तर्फ सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ ।

३३ **बालिका विकास कार्यक्रम**

पालिकाले बालिका विकास सम्बन्धी कार्यविधि , २०७५ (संसोधन सहित) को निर्माण गरी आ.व २०७५/७६ देखि नै पालिका भित्रका वर्थिङ्ग सेन्टरमा जन्मने वा पालिका भित्रका स्वास्थ्य संस्थाबाट रिफर गरी अन्य स्वास्थ्य संस्थामा जन्मने बालिकालाई प्रोत्साहन स्वरुप पालिका मार्फत प्रति बालिका रु.१०,०००/- रकम उपलब्ध गराई उक्त रकमलाई सम्बन्धित बालिका र अभिभावकको संयुक्त दस्तखत चल्ने गरी बैंकमा मुद्धती खाता खोली जम्मा गर्नुपर्ने तथा सम्बन्धित बालिका १६ वर्ष पुगे पश्चात मात्र सो रकम झिक्न पाइने व्यवस्था गरी बालिका बचत खाता कार्यक्रम संचालन गरेको छ । यस आर्थिक वर्षमा उक्त कार्यक्रमका लागि रु. ७ लाख बजेट विनियोजन गरी पालिका भित्र जन्मेका ६६ जना बालिकाको खातामा रकम जम्मा गरी रु. ६,६०,०००/- खर्च गरेको छ । कार्यविधिको दफा ५ मा गाउँपालिका अध्यक्षको अध्यक्षतामा ५ सदस्यीय वर्थिङ्ग सेन्टरमा जन्मने वा पालिका भित्रका स्वास्थ्य संस्थाबाट रिफर गरी अन्य स्वास्थ्य संस्थामा जन्मने बालिकालाई सहायता रकम उपलब्ध गराउने समितिको व्यवस्था गरेको छ । उक्त समितिले कार्यविधिको दफा ७ को उपदफा १ मा भएको व्यवस्था बमोजिम यस कार्यक्रम अन्तरगत सेवा पाएका सेवाग्राहीको अभिलेख राख्नुपर्ने र दफा ८ मा पालिका अन्तरगतको अनुगमन तथा मूल्याङ्कन समितिले यस कार्यक्रमबाट लाभान्वित हुने बालिकाहरुको हकहितको संरक्षणका लागि आवश्यक अनुगमन गर्नुपर्ने उल्लेख गरेकोमा सो अनुसार गरेको पाइएन । पालिकाले बैंकलाई खाता खोल्नका लागि लेखी पठाएको पत्र को कार्यालय प्रति पालिकामा राखिएको भनी पालिकाले जनाएकोमा उक्त प्रति जलेर नष्ट भएको कार्यालयको भनाई रहेको छ । पालिकाले कार्यविधि अनुसार प्रोत्साहन उपलब्ध गराएका बालिकाको अभिलेख व्यवस्थित रुपमा राखी कार्यविधिमा उल्लिखित पक्षको अनुगमन मूल्याङ्कन गर्नुपर्ने देखिन्छ ।

३४ **गृहिणी महिला सशक्तिकरण कार्यक्रममा गैरसरकारी संस्थाको बिल**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **२७,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **२७,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **२७,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **२७,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३५ **अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम** (87-2082-03-17):
**प्रदेश चालु** –

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **३९,८२९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| अनियमित भएको | ० |

३६ **शिक्षातर्फ**

३६.१ प्रति विद्यार्थी लागत - कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ अनुसार विद्यालय शिक्षामा हाल भइरहेको लगानीका आधारमा स्थानीय तहभित्र विद्यालयगत र स्थानीय तहको प्रति विद्यार्थी लागत यकिन गर्नुपर्नेमा पालिकाले सोको अभिलेख राखेको पाइएन । लेखापरीक्षणको लागि उक्त विवरण माग गरिएकोमा शिक्षा शाखाबाट उपलब्ध गराएको विवरणअनुसार आर्थिक वर्ष २०८१।८२ मा पालिकाभित्र सञ्चालनमा रहेका ३२ सामुदायिक विद्यालयहरूमा इसिडि देखि कक्षा १२ सम्म ६०७८ विद्यार्थी रहेकोमा ती विद्यालयहरूमा विभिन्न शिर्षकमा रु. २२ करोड ४४ लाख १६ हजारभन्दा बढी निकासा खर्च भएको देखिन्छ जसबाट प्रति विद्यार्थी

खर्च (Per student spending) रु. ३६ हजार ९०० भन्दा बढी हुन जान्छ । शिक्षा तथा मानवस्रोत विकास केन्द्रले तयार गरेको विद्यालय नक्साङ्कन, भौतिक सर्वेक्षण र विद्यालय समायोजनका लागि सहयोगी स्रोत पुस्तिका, २०८० अनुसार गाउँपालिकाबाट हाल भइरहेका विद्यालयको भौगोलिक अवस्था, जनघनत्व लगायतका आधारमा विद्यालयको तह थपघट, समायोजन/एकीकरण तथा बन्द गर्ने एवं सबै बालबालिकालाई विद्यालयमा शिक्षामा भर्नाको सुनिश्चितता गर्न वैकल्पिक कार्यक्रम सञ्चालन गर्ने लगायतका आधारमा विद्यालय नक्साङ्कन गर्ने कार्य गर्नुपर्दछ ।

३६.२ **प्राविधिक धार सञ्चालन अनुदान** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ अनुसार शिक्षण सिकाइ सामग्री तथा व्यवस्थापनका लागि स्थानीय तहले अनुदान वितरण गर्नुपूर्व साविकको शिक्षा विभाग तथा हालको शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राविधिक धार सञ्चालन अनुदान प्राप्त गर्न निर्णय भएका अनुसूची ११ मा उल्लिखित विद्यालयहरू तोकिएको मापदण्डअनुसार सञ्चालन भए नभएको अनुगमन गरी विद्यालयमा अध्ययनरत कक्षा ९-१२ सम्मका विद्यार्थी सङ्ख्या यकिन गरी शिक्षण सिकाइ अनुदानवापत प्रति विद्यार्थी रु १५००० अनुदान दिन सकिने उल्लेख छ । पालिकाले श्री त्रिवेणी वराह माध्यमिक विद्यालयलाई प्रति विद्यार्थि लागतको आधारमा OJT Operation cost ब्यवस्थापन अनुदान बापतको रकम ७२ जनाको निकाशा दिएकोमा हाजिरी अभिलेखमा ७२ जना विद्यार्थीको प्रमाण पेस गरेको देखिएता पनि इमिस तथ्याङ्कअनुसार विद्यार्थी सङ्ख्या ६२ मात्र देखिन्छ । इमिस तथ्याङ्क अद्यावधिक नगरी अनुदान निकासा गरेको मनासिव देखिएन ।

३६.३ शैक्षिक गुणस्तर - कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ मा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रूपमा अनुगमन गरी शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा प्रतिवेदन पठाउने र सोको कार्यान्वयन गरी विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार गर्नुपर्ने व्यवस्था छ । शैक्षिक सत्र २०८१ मा पालिकाभित्रका ११ माध्यमिक विद्यालयहरूबाट ३०८ विद्यार्थी माध्यमिक शिक्षा परीक्षामा सहभागी भएकोमा १४० विद्यार्थी अर्थात् ४५.५ प्रतिशत उत्तीर्ण भएको देखिन्छ । पालिकाले विद्यालयको शैक्षिक गुणस्तरबारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारका लागि मापदण्ड निर्धारण गर्नुपर्दछ ।

३६.४ शिक्षक विद्यार्थी अनुपात - शिक्षा नियमावली, २०५९ को नियमा ७७ अनुसार सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी सङ्ख्या सामान्यतया उपत्यका तथा तराई, पहाड र हिमाली क्षेत्रमा क्रमशः पचास, पैतालीस र चालीस हुनु पर्दछ । गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा कार्यरत प्रावि देखि मावि तहसम्मका शिक्षकको सङ्ख्या २९५ रहेकोमा शैक्षिक सत्र २०८१ मा कक्षा १ देखि कक्षा १२ सम्म अध्ययन गर्ने विद्यार्थीहरूको सङ्ख्या इमिस तथ्याङ्कअनुसार ५१९० रहेको विवरणबाट देखिन्छ जसअनुसार शिक्षक विद्यार्थीको औसत अनुपात १:१८ मात्र हुन जान्छ जुन तोकिएकोभन्दा न्यून हो । शिक्षा नियमावली तथा शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ ले उल्लेख गरेको आधारमा शिक्षक विद्यार्थी अनुपातअनुसार शिक्षक दरबन्दी मिलान गरी शिक्षकहरूको व्यवस्थापन गर्नुपर्दछ ।

३६.५ दिवा खाजा - सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ अनुसार दिवा खाजा कार्यक्रम कार्यान्वयनको अनुगमन सम्बन्धी निर्देशन तयार गर्ने र सो अनुसार अनुगमन गर्ने गराउने जिम्मेवारी स्थानीय तहको हुने उल्लेख छ । गाउँपालिकाले यस वर्ष दिवा खाजावापत शिशु कक्षादेखि कक्षा ५ सम्म अध्ययनरत ३७८१ विद्यार्थीको लागि ५० सामुदायिक विद्यालयहरूलाई रु. ९० लाख २१ हजार ७०५ अनुदान निकासा गरेको देखिन्छ । पालिकाले दिवा खाजाको सम्बन्धमा अनुगमन गरी विद्यालय अवधिको विद्यार्थीको उपस्थिति दर, सिकाइको अवस्था, भौतिक, आर्थिक आदि विवरणको रजिष्टर र अनुगमन पुस्तिका राखे नराखेको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन अभिलेखको रूपमा राखेको पाइएन ।

३६.६ स्यानिटरी प्याड व्यवस्थापन - पालिकाले आ. व. २०८१।८२ मा सामुदायिक विद्यालयका छात्राहरुलाई नि:शुल्क सेनेटरी प्याड व्यवस्थापन गर्न २१ वटा विद्यालयहररुका ११९० छात्राहरूको लागि रु. ११,९०,००० निकासा गरेको देखिन्छ । सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ५(४) बमोजिम स्थानीय तहले विद्यालयहरुसँग समन्वय गरी विद्यालयको

आवश्यकता, बजारमा प्याडको उपलब्धता, प्याड उत्पादन तथा प्रयोग गर्ने मिति, स्थानीय तह तथा विद्यालयहरुमा भण्डारण क्षमता जस्ता पक्षहरुमा ध्यान दिई सार्वजनिक खरिद नियमानुसार खरिद गरेर त्रैमासिक, चौमासिक वा अर्धबार्षिक रुपमा वितरण गर्न सकिने व्यवस्था रहेकोमा पालिकाले खरिद नगरी सोझै विद्यालयलाई रकम भुक्तानी गरेको देखिन्छ । पालिकाले कार्यविधि बमोजिम खरिद गरी त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्ने व्यवस्था मिलाउनुपर्छ । साथै शैक्षिक सत्र २०८१ को इमिस तथ्याङ्कको आधारमा प्रति युनिट अनुमानित रु. १००० का दरले विद्यालयलाई २०८२।०३।१६ मा रकम निकासा गरेको देखिन्छ । अनुमानित लागतका आधारमा रकम निकासा गरेकोमा सोही अनुरूपको बिल भरपाइ पेस भएको छ । विद्यालयले मेडिकलबाट खरिद गरी बिल पेस गरेकोले खरिद प्रतिष्पर्धी र मितव्ययी भए नभएको सुनिश्चित हुन सकिएन । पालिकाले नियमित अनुगमन गरी विद्यायलयहरूले छात्राहरूलाई वितरण गरेको सुनिश्चित गर्नुपर्दछ ।

३६.७ विद्यालय कोषको रकम सहकारी संस्थामा - विद्यालय लेखाङ्कन दिग्दर्शन, २०७६ को बुँदा नं. २.३ अनुसार विद्यालयमा हुने सबै प्रकारका कोषको कारोवार बैंकमा खाता खोली गर्नुपर्ने उल्लेख छ । पालिकाभित्र सञ्चालनमा रहेको निम्न विद्यालयले सहकारी संस्थामा खाता सञ्चालन गरी आर्थिक कारोवार गरेको पाइयो । यसरी विद्यालयहरूको बचत रकम सहकारी संस्थामा निक्षेप राख्नाले विद्यालय कोषको रकम जोखिममा परेको देखिन्छ । उक्त विद्यालयको रु. १४,६१,४७७ लाख हजारभन्दा बढी रकम सहकारी संस्थामा राखी कारोवार गरेको देखिन्छ । विद्यालयको सम्पूर्ण आम्दानी तथा खर्चको कारोवार अनिवार्य रूपमा बैंक खातामार्फत गर्नुपर्दछ ।

| विद्यालयको नाम र ठेगाना | सहकारी संस्थाको नाम | २०८०।८१ को असार मसान्तको मौज्दात रकम | लेखापरीक्षक | कैफियत |
|---|---|---|---|---|
| श्री सिद्धकालिका राष्ट्रिय आधारभूत विद्यालय | नगद | ६५१४० | एम एस एसोसिएट्स | अघिल्लो वर्षदेखि |
| श्री बकुल्लहरी राष्ट्रिय आधारभूत विद्यालय | सानाकिसान | ८८९३६० | हरिहर एन्ड एसोसिएट्स | २०८०।८१ |
| श्री बकुल्लहरी राष्ट्रिय आधारभूत विद्यालय | सानाकिसान | ४६३६०६ | | २०८१।८२ |
| श्री बकुल्लहरी राष्ट्रिय आधारभूत विद्यालय | लेवाटार बचत | ४३३७१ | | २०८१।८२ |
| जम्मा | | १४६१४७७ | | |

३६.८ दरवन्दी तथा पदपूर्ति - आ.व. २०८१।८२ मा यस पालिकामा ५० सामुदायिक विद्यालयहरू सञ्चालनमा रहेका छन् । ती विद्यालयहरूमा १८२ स्थायी, ६५ करार/राहत, १५ अनुदानबाट र पालिकाबाट ३३ समेत २९५ शिक्षक तथा ७० बाल विकास सहजकर्ता र ६५ विद्यालय कर्मचारीहरू कार्यरत रहेको देखिन्छ ।

३६.९ **निशुल्क पाठ्यपुस्तक** - शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ को क्रियाकलाप नं. २.४.६.१ को उपक्रियाकलाप ३.१ बमोजिम IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यायलयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई तेस्रो त्रैमासिकभित्र विद्यालयहरुलाई पाठ्यपुस्तक वापतको रकम निकासा दिनुपर्दछ । यसरी रकम निकासा दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई दिने र बाँकी २५ प्रतिशत रकम शैक्षिक सत्र २०८२ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप निकासा दिनुपर्दछ । पालिकाले ७५ प्रतिशत रकम बराबर रु. २४,५३,०६३ विद्यालयलाई निकासा दिएकोमा दोस्रो पटक विद्यालयहरूले खरिद गरी विद्यार्थीलाई वितरण गरेको आधारमा थप रु. ९,०३,८३९ गरी जम्मा रु. ३३,५६,९०२ निकासा दिएको छ । निम्न विद्यालयको पाठ्यपुस्तकवापत इमिस तथ्याङ्कको आधारमा बढी रकम निकासा भएको देखिएकोले सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु.

| क्र.स. | | निकासा हुनुपर्ने रकम | निकासा भएको रकम | बढी रकम रु. |
|---|---|---|---|---|
| १ | श्री आदर्श आधारभूत विद्यालय | ४५१९५ | ५३७६६ | ८५७१ |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **५,७८६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **१५,८४६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **५,३४७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **१३०,८०१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **१५,०६९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **४९,८६१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **१६,२९९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **६,३३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **१५,५८३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **६,३३८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **६,८९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **८,१०४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **५,६९८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **१३,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **२०,७४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **१७,४९९**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **९,७०८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **३४,६४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **१३,९३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **६,१५२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **१०,२३२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **८,४०१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,५७१ |

३६.१० विद्यालयहरूको लेखापरीक्षण - शिक्षा नियमावली, २०५९ को दफा १७१ मा विद्यालयको व्यवस्थापन समितको अध्यक्ष र प्रधानाध्यापकले प्रत्येक वर्ष विद्यालयको लेखापरीक्षण गराउनु पर्ने व्यबस्था छ । गाउँपालिका अन्तर्गत साधारण धारतर्फका ५० सामुदायिक विद्यालयमध्ये सबै विद्यालयको लेखापरीक्षण गराई प्रतिवेदन पेस गरेको देखिएन । पालिकाले विद्यालयहरूको लेखापरीक्षण समयमा सम्पन्न गर्न लगाई सो को प्रतिवेदन अभिलेखको रूपमा सुरक्षित राख्नुपर्दछ । विद्यालयको वित्तीय प्रतिवेदनमा गाउँपालिकाबाट अनुदान निकासा गरिएको रकम समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरेको सुनिश्चित गर्नुपर्दछ । साथै वित्तीय विवरण विश्लेषण गरी रकम सदुपयोग भए/नभएको सुनिश्चित गर्नुपर्दछ ।

३६.११ संस्थागत विद्यालय व्यवस्थापन - राष्ट्रिय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत यकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालित ५ संस्थागत विद्यालयमा १४९२ विद्यार्थी अध्ययनरत रहेकोमा शुल्क निर्धारण, छात्रवृत्ति व्यवस्थापन र त्यसको कार्यान्वयनको अनुगमन गरेको पाइएन । विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको नियमित अनुगमन गर्ने व्यवस्था मिलाउनुर्दछ ।

३७ **स्वास्थ्य चौकी भवन निर्माण/सबलीकरण (२०८२।०३।२०)**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । पालिकाले इच्छाकामना गाउँपालिका-०१ को स्वास्थ्य चौकी निर्माण गर्न स्वास्थ्य चौकी भवन निर्माण/सबलीकरण उपभोक्ता समितिसँग मिति २०८१।१२।०४ मा सम्झौता गरी रु. १६,३९,०६१ भुक्तानी दिएको देखिन्छ । स्वास्थ्य चौकी भवन व्यवस्थापनको लागि विनियोजित बजेटबाट विनियोजन गरी निर्माण व्यवसायी मार्फत प्रतिष्पर्धात्मक विधिबाट खरिद नगरी वर्षको अन्तमा उपभोक्ता समिति गठन गरी निर्माण गराएको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १६,३९,०६१ |

३८ **स्पेसिफिकेसनभन्दा बढी ट्याक कोटको प्रयोग (१०।२०८१।१०।११)**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **१५९,६४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३९ **कन्टिन्जेन्सी खर्चको सीमा**

सार्वजनिक निर्माणमा कन्टिन्जेन्सी तथा परामर्श सेवामा कार्यालय व्यवस्थापन खर्चलाई व्यवस्थित गर्ने कार्यविधि, २०८१ को दफा ९ मा बहुवर्षीय ठेक्काको चालु वर्षको बजेटको अनुपातको सीमा भित्र रही कन्टिन्जेन्सी खर्च गर्नुपर्ने तथा दफा ८ मा वर्क चार्ज स्टाफ खर्चमा जम्मा कन्टिन्जेन्सी खर्चको पचास प्रतिशत खर्च गर्न सकिने उल्लेख छ । पालिका अन्तरगत निर्माणाधिन ५।१०।१५ शैय्या आधारभूत अस्पताल निर्माण कार्यमा यस वर्ष रु. ६,५७,९८,८७६ खर्च गरेकोमा कन्टिन्जेन्सीवापत सुपरभाइजर नियुक्त गरी रु. १,७०,६९१ खर्च गरेकोमा पुन सुपरभिजनको लागि परामर्श सेवामार्फत इन्जिनियरिङ्ग कन्सल्टेन्सि फर कन्स्ट्रक्टिभ डेभलपमेन्ट इफोर्टस ईन नेपाल प्रा.लि सँग सम्झौता गरी रु. १६,८३,९८२ खर्च गरेको देखिन्छ । कार्यविधिबमोजिम २ प्रतिशत मात्र वर्क चार्ज स्टाफमा खर्च गर्न मिल्नेमा बढी खर्च गरेको नियमसम्मत देखिनएन । कन्टिन्जेन्सी खर्च वापत सुपरभिजनमा रु. १३,१५,९७८ खर्च गर्न सकिनेमा रु. १८,५४,६७३ खर्च गरेको गरेको देखिएकोले सीमाभन्दा बढी गरेको खर्च रु. ५,३८,६९५ नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,३८,६९५ |

४० **प्रधानमन्त्री रोजगार**

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क सूचीकृत गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको । वडा नं १ देखि ७ सम्मका वडामा सूचीकृत भएका ७३३ बेरोजगारमध्ये पालिकाभित्रका २८ साना साना विभिन्न योजना सञ्चालन गरी ६९ जनालाई रोजगारी दिएर ज्यालास्वरूप रु. ४६,०९,२०० खर्च भएको विवरण पेस भएको छ ।

(क) कामको दीगोपना - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेकोमा सञ्चालित योजनाहरूले लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिँदैन ।

(ख) आयोजनाको छनोट - प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ७० मा कृषि, सहकारी तथा पशु विकास, उर्जा, सिँचाइ तथा नदी नियन्त्रण, खानेपानी तथा सरसफाइ आदि विभिन्न रोजगार आयोजनाका सम्भावित क्षेत्रहरु तोकिएका छन् । पालिकाले आ. व. २०८१।८२ मा २८ वटा रोजगारका आयोजना सञ्चालन गरेकोमा सबै योजना मर्मत कार्य र गोरेटो बाटोसँग सम्बन्धित रहेको पाइयो । पालिकाले सार्वजनिक पूर्वाधारको निर्माण, स्तरोन्नति र विस्तारमा योगदान हुने योजना छनोट गरी रोजगारीका आयोजना सञ्चालन गर्नुपर्दछ ।

(ग) श्रमिक समूह - प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २५ मा कामको प्रकृति र आवश्यकता अनुसार आयोजनाको कामलाई विभिन्न खण्डमा विभक्त गरी एक खण्डको काम १० देखि १५ जनासम्मको एउटा श्रमिक समूहले गर्ने गरी विभिन्न श्रमिक समूह गठन गरेर जिम्मा दिनुपर्ने उल्लेख छ । पालिकाले रोजगारका धेरै योजनाहरूमा तोकिएकोभन्दा सानो समूह बनाई काममा खटाएको छ । निर्देशिकाबमोजिमको योजना छनौट गरी श्रमिकलाई काममा लगाउनुपर्दछ ।

(घ) सार्वजनिक सुनुवाइ - प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा ८६ मा लक्षित वर्गको लागि बिशेष व्यवस्था गरेको, दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा दुर्घटना बिमा गरी खटाउनुपर्ने र सो वीमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्बन्धित पालिकाले आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्बन्धमा लाभग्राही समेतको संलग्नतामा बर्षको एक पटक सार्बजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । पालिकाले आ. व. २०८१।८२ मा सञ्चालित २८ आयोजनाहरुको सार्वजिनक सुनुवाइ गरेको छैन । निर्देशिकाअनुसार योजनाको प्रभावकारीतासम्बन्धमा सार्वजनिक सुनुवाइ हुनुपर्दछ ।

## ४१ सहकारी व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (ख) मा पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन गर्ने तथा सहकारी संस्थासम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण र कार्यान्वयन गर्ने अधिकार तोकिएको छ । पालिकाभित्र ५२०७ सदस्यसहितका उत्पादक सहकारी १२, वित्तीय सहकारी ११, बहुउद्देश्यीय सहकारी ३ र अन्य ४ गरी ३० सहकारी संस्था सञ्चालनमा रहेको विवरण प्राप्त भएको छ ।

सूचना प्रणालीमा अभिलेख : सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा सहकारी संस्थाले मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विवरण पेस गरेको गरेको पाइएन ।

लेखापरीक्षण प्रतिवेदन : सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार सहकारीहरूले मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने व्यवस्था छ । पालिकाभित्रका सम्पूर्ण सहकारी संस्थाहरूले समयमै लेखापरीक्षण सम्पन्न गराएको पाइएन । सम्पूर्ण सहकारी संस्थाको विवरण अद्यावधिक गर्न लगाई लेखापरीक्षण प्रतिवेदन पेस गर्न लगाउनुपर्दछ ।

अनुगमन : पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन लेखापरीक्षणका क्रममा पेश भएन । प्रचलित नियमअनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

## ४२ सामाजिक सुरक्षा भत्ता

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ अनुसार सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ । आ. व. २०८१। ८२ मा पालिकाले सामाजिक सुरक्षा भत्ता स्वरूप २९५० लाभग्राहीलाई जम्मा रु. ९ करोड ६३ लाख ३२ हजार ६८७ वितरण गरेको छ । यस सम्बन्धमा देखिएका थप बेहोराहरू निम्न रहेका छन् ।

भत्ता वितरणको अनुगमन - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ गाउँ कार्यपालिकाका अध्यक्ष वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट सामाजिक सुरक्षा भत्ता विवरणसम्बन्धमा अनुगमन गरी अभिलेख राखेको पाइएन । भत्ता वितरण प्रक्रिया तथा लाभग्राहीको नियमित निरीक्षण तथा अनुगमन गरी कार्यविधिको पालना हुनुपर्दछ ।

पारदर्शिता - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार लाभग्राहीको नाम, दर्ता/नवीकरण प्रक्रिया, भत्ताको दर, बैंक विवरण तथा लाभग्राहीले पूरा गर्नुपर्ने प्रक्रिया लगायतका जानकारी स्थानीय सामाजिक सङ्घ संस्था, गैरसरकारी संस्था तथा सामाजिक परिचालनमा संलग्न संस्थाहरूको सहयोगमा प्रचार-प्रसार गर्नुपर्नेछ साथै भुक्तानी गरिएको रकम र बुझिलिने व्यक्तिको नामावली सम्बन्धित वडा कार्यालय र स्थानीय तहको वेब साइटमा राख्नुपर्नेछ । तर पालिकाको निर्णय पुस्तिका तथा वेब साइट अवलोकन गर्दा यस्ता सूचना सार्वजनिक गरेको देखिएन । सामाजिक सुरक्षा भत्ता विवरणमा पारदर्शिता कायम गर्न कार्यविधिले तोकेअनुसारको सूचना सार्वजनिक गर्नुपर्दछ ।

प्रतिवेदन - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २९ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको भत्ताको चौमासिक तथा वार्षिक विवरण अद्यावधिक गरी नियमावलीको अनुसूची - ६ बमोजिमको ढाँचामा तयार गर्नुपर्ने र सेवा प्रदायक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने स्थानीय तहले अनुसूची १२ बमोजिमको ढाँचामा हिसाब मिलानको भुक्तानी प्रतिवेदन प्रणाली मार्फत विभागमा उपलब्ध गराउनु पर्ने व्यवस्था छ । पालिकाले कार्यविधिमा भएको व्यवस्था अनुसार एम.आइ.एस प्रणालीमा प्रतिवेदन गरेको देखिएन । प्रणालीमा प्रतिवेदन अद्यावधिक गरी कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : इच्छाकामना गाउँपालिका, चितवन , इच्छाकामना गाउँपालिका , चितवन

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | चन्द्रकान्त बस्नेत | २०८०-१०-७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | उद्गम तिमिल्सिना | २०७९-६-१२ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १४,०९४,२१० | २,३७१,४६७ | १,५६०,७१६ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १८,०२६,३९३ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | २,१३०,२३१ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १५,८९६,१६२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ४२३७०३००.४४ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४६०८३५५७८.०६ | **चालु खर्च** | ३७३५९३४००.०५ |
| **प्रदेश सरकारबाट अनुदान** | ६३६१२७५१ | **पूँजीगत खर्च** | २९३७३६८१०.०२ |
| **राजश्व बाँडफाँट** | १४४२३५१२५.०७ | **वित्तीय/अन्य व्यवस्था** | १४८२१०८८८.७१ |
| **आन्तरिक आय** | ४९१८०४२३.१३ | | |
| **अन्य आय** | १२२६२७३०६.२४ | | |
| **कुल आय** | ८४०४९११८३.५० | **कुल खर्च** | ८१५५४१०९८.७८ |
| **बाँकी मौज्दात** | | ६७३२०३८५.१६ | |

## अनुसूची - २

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

बजेट र गैरबजेट निकायको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०-१)

| क्र.स./आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | गत आ.ब. को कारोबार |
|---|---|---|---|
| | | नगद | नगद |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | |
| ११००० | कर | १२,०९,८९,२०६.०३ | ११,३५,३४,०४९.५५ |
| १३००० | अनुदान | ४९,४०,७५,४४३.६५ | ४०,४४,३३,८८१.५९ |
| १४००० | अन्य राजस्व | ५,७४,०१,१२२.९० | ३,३६,९२,७६२.५८ |
| १५००० | विविध प्राप्ति | ७०,७८,१३२.०० | ३,८३,१०७.०७ |
| क | **कुल जम्मा प्राप्ति** | ६७,९५,४३,९०४.५८ | ५५,२०,४३,८००.७९ |
| ३ | चालु | ३७,३५,९३,४००.०५ | ३८,९३,७८,१३९.७० |
| २१००० | पारिश्रमिक / सुविधा | २०,३४,९४,७४४.७६ | १९,६९,१७,९३०.४४ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | १३,२०,२६,५८९.५७ | १२,७८,८७,००१.१० |
| २५००० | सहायता (Subsidy) | ३,१८,२१,१६७.०० | ३,३३,४७,९६१.६४ |
| २७००० | सामाजिक सुरक्षा | ३६,४६,३१६.७२ | ३७,१७,८५२.९९ |
| २८००० | अन्य खर्च | २६,०४,५८२.०० | २,७५,०७,३९३.५३ |
| ४ | पूंजीगत | २९,३७,३६,८१०.०२ | १९,३५,६६,११२.०२ |
| ३१११० | भवन तथा संरचना | ११,१३,०१,०३९.५९ | २,०५,४८,५८३.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ७५,१६,४८४.५० | १,०२,२७,८६४.४२ |
| ३११३० | अन्य पूँजीगत खर्च | १४,८४,२५५.०० | १४,१४,६८९.०० |
| ३११४० | सुरक्षा उपकरण | ० | ९,३४,१०५.०० |
| ३११५० | सार्वजनिक निर्माण | १७,१९,५६,१७५.९३ | १६,०१,४७,८७०.६० |
| ३११७० | पूँजीगत सुधार खर्च | १४,७८,८५५.०० | ० |
| ३१४१० | जग्गाप्राप्ति खर्च | ० | २,९३,०००.०० |
| ५ | वित्तीय | ० | ० |
| ख) | **कुल जम्मा भुक्तानी** | ६६,७३,३०,२१०.०७ | ५८,२९,४४,२५१.७२ |
| ग) | **बचत /कमी (ग = क-ख )** | १,२२,१३,६९४.५१ | -३,०९,००,४५०.९३ |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | १,२७,३६,५९०.२१ | ७८,८६,४१३.६७ |

| | | | |
|---|---|---|---|
| घ.१) | **कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी** | ३,३२०.०० | -६,९१४.०० |
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | २,४९,५०,२८४.७२ | -२,३०,१४,०३७.२६ |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | ४,२३,७०,३००.४४ | ६,५३,८४,३३७.७० |
| छ) | **विनिमय नाफा/घाटा तथा अन्य समायोजन** | | |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | ६,७३,२०,५८५.१६ | ४,२३,७०,३००.४४ |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।